# सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच

शिक्षाशास्त्र संकाय अन्तगर्त स्नातकोत्तर तह (एम.एड.) द्वितीय
वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको
आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

लोकमाया अधिकारी

एम.एड. : दोस्रो वर्ष

परीक्षा रोल नं. : २१४००४९

रजिष्ट्रेशन नं. : ९-२-२१४-६३८-२०००

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ


आश्विन २०६७

## विषयः सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्रा लोकमाया अधिकारीले **सुकुमबासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच** शीर्षकमा प्रस्तुत गरेको शोधपत्र मेरो पूर्ण निर्देशन, सल्लाह र सुझावको आधारमा तयार पार्नु भएको हो । मैले निर्दिष्ट गरेको शोधढाँचामा तयार गरिएको उक्त शोधकार्य निजको आफ्नो स्वतन्त्र अध्ययनको परिणाम हो । निज शोधकर्ताको यस कार्यप्रति म सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई मूल्याङ्कन समितिमा प्रस्तुत गर्न सिफारिस गर्दछु

-----------
भोजराज घिमिरे
शोधनिर्देशक

मिति : २०६७/०५/०१

## विषय : स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विषय लिई स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षमा अध्ययन गर्ने छात्रा लोकमाया अधिकारीले **सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच** शीर्षकमा प्रस्तुत यो शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | विभागीय प्रमुख | |
| २. | श्री भोजराज घिमिरे | शोधनिर्देशक | |
| ३. | श्री प्रा.डा.बासुदेव काफ्ले | बाह्य परीक्षक | |

मिति : २०६७/०६/२४

# कृतज्ञता

प्रस्तुत "**सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच**" शोधपत्रको लागि आफ्नो अति ब्यस्त र अमुल्य समय साथै आवश्यक नीति निर्देशन एवम् सल्लाह सुझाव र सदैव उत्प्रेरणा र हौसला प्रदान गर्नुहुने शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु लक्ष्मी कुमार श्रेष्ठ ज्यू प्रति सदा आभार एवम् ऋणि छु ।

शोधपत्रलाई आवश्यक सल्लाह, सुझाव, निर्देशन एवम् उचित सुपरिवेक्षणको साथै शोधपत्रलाई सिफारिस प्रदान गर्नुहुने आदरणीय गुरु भोजराज घिमिरे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनमा प्रोत्साहनका साथै सहयोग सल्लाह, सुझाव प्रदान गर्नुहुने आदरणीय श्रीमान् पुरुषोत्तम नेपाल प्रति आभारी छु । साथै शोधपत्र लेखनमा उचित वातावरण तयार गर्न सहयोग पुऱ्याउने प्यारा छोराहरू प्राञ्जल र प्राम्सुलाई पनि धन्यवाद नदिइरहन सक्दिन ।

यसैगरी प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा तथ्याङ्कका साथै राय सुझाव दिई सहयोग गर्नुहुने अध्ययनमा छानिएका सम्पूर्ण सुकुम्बासी वस्तीका अभिभावक, बालबालिका, विद्यालय परिवारका साथै शिक्षक– शिक्षिका प्रति हृदयदेखि नै आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा शोधपत्रलाई मूर्तरूप दिन टंकनमा सहयोग पुऱ्याउनु हुने जेनेरिक कम्प्युटिङ एण्ड कम्यूनिकेशन इटहरी, सुनसरी लाई विशेष धन्यवाद दिन चाहन्छु ।

**लोकमाया अधिकारी**
एम.एड. दोस्रो वर्ष

# शोध-सार


यो शोधपत्र सुकुम्बासी बालबालिकाहरूको प्राथमिक शिक्षामा पहुँचसँग सम्बन्धित छ र यसको मुख्य उद्देश्य सुकुम्बासी वस्तीमा रहेको प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको शैक्षिक समस्याहरू पत्ता लगाई समाधानका उपायहरू सुझाउनु रहेको छ ।

यस अध्ययनमा सुकुम्बासी वस्तीमा भएका १४९२ घरधुरी मध्ये उद्देश्यमूलक नमुना छनोट विधिको आधारमा ५० घरपरिवारलाई छनोट गरिएको छ । त्यसैगरी ५० घरपरिवारका ५० अभिभावक, ६० विद्यार्थी, प्र.अ. तथा शिक्षक १४, विद्यालय ४ र अन्य सम्बन्धित ब्यक्तिहरू ५ लाई नमुनाको रूपमा छनोट गरिएको छ ।

यस अध्ययनका लागि प्राथमिक र द्वितीय स्रोतका तथ्याङकहरूलाई आधार बनाइएको छ ।

यस अध्ययनबाट सुकुम्बासी वस्तीमा आमामात्र साक्षर परिवारका बालबालिका शतप्रतिशत विद्यालय गएको पाइयो । सुकुम्बासी नै भएपनि नोकरी, वैदेशिक रोजगार एवम् ब्यापार ब्यवसाय गर्ने परिवारका छोराछोरीको विद्यालय सहभागिता ज्याला, मजदुर, कृषि मजदुरी एवम् अन्य पेशा गर्ने परिवारका बालबालिकाको भन्दा उल्लेखनिय रूपमा वढी पाइयो । सुकुम्बासी बालबालिकाका अभिभावकहरूको मासिक आम्दानीले दुईछाक टार्न मुस्किल रहेको पाइयो । उनीहरूको साक्षरताको अवस्था पनि ज्यादै न्यून रहेको देखिन्छ । गत सालको तुलनामा भर्नादरमा वृद्धि भएतापनि कक्षा छाड्ने दरपनि वढेको पाइयो । सुकुम्बासी बालबालिकाहरू विद्यालयमा भर्ना नहुनु भएपनि बीचैमा कक्षा छाड्नुको मुख्य जिम्मेवार अभिभावक नै रहेको पाइयो । त्यस्तै सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुनु, भएपनि बीचैमा कक्षा छाड्नुको मुख्य कारक तत्व गरिवी रहेको पाइयो भने त्यसको अतिरिक्त चेतनाको कमी, अशिक्षा, बेरोजगारी, घरायसी कारण, भाइबहिनी स्याहार गर्नुपर्ने, बसाइसराई, स्वास्थ्य, बारम्बारको असफलता रहेका छन् ।

प्राथमिक विद्यालय उमेरका सबै सुकुम्बासी बालबालिकालाई विद्यालयमा सहभागी गराउन विद्यालयले आर्थिक सहयोग, छात्रवृत्तिको ब्यवस्था, निशुल्क शिक्षा कार्यक्रम

सञ्चालन गर्ने, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले सुकुम्बासी बालबालिकाका अभिभावकहरूको लागि प्रौढ शिक्षाका साथै आय-आर्जन र सीपमूलक तालिम सञ्चालन गर्ने, विद्यालयले विद्यालयमा सहभागी नभएका र बीचैमा कक्षा छाडेका प्रौढहरूको लागिपनि प्रौढशिक्षा सञ्चालन गर्ने, समाजले निशुल्क शिशु स्याहार केन्द्रको स्थापना गर्ने, विद्यालयका शिक्षकहरूद्वारा अतिरिक्त समयमा शिक्षण कार्यक्रम सञ्चालन गर्ने साथै शिक्षामा सफलता प्राप्तगर्ने सुकुम्बासी बालबालिकाहरूलाई पुरस्कार एवम् प्रोत्साहन प्रदान गर्ने, गाउँ, समाज, विद्यालयबाट नै जातिय, वर्गिय विभेदको अन्त्य गर्ने जस्ता उपायहरूलाई सुझावहरूका रूपमा समावेश गरिएको छ ।

# विषय सूचि

| | | |
|---|---|---|
| | | **पाना नं.** |
| | सिफारिस पत्र | i |
| | स्वीकृती पत्र | ii |
| | कृतज्ञता | iii |
| | शोधसार | iv |
| | विषय सूची | v |

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ६ |
| १.४ | अध्ययनको उद्देश्य | ९ |
| १.५ | अनुसन्धनात्मक प्रश्नहरू | ९ |
| १.६ | अध्ययनको परिसिमा | १० |
| १.७ | सम्बन्धित शब्दावलीको परिभाषा | १० |

**परिच्छेद दुई : सैद्वान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन**

| | | |
|---|---|---|
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ११ |
| २.२ | सैद्वान्तिक खाका | १५ |
| २.३ | शैक्षिक उपादेयता | १७ |

## परिच्छेद तीन : अनुसन्धान विधि


३.१ अनुसन्धानात्मक ढाँचा १८

३.२ तथ्याङ्क सङ्कलन प्रकृया १८

३.२.१ नमूना जनसङ्ख्या १८

३.२.२ नमूनाको आकार १८

३.२.३ नमूना छनौट विधि १९

३.२.४ नमूना छनौटको आधार १९

३.३ अनुसन्धानका साधनहरू १९

३.४ तथ्याङ्कका स्रोतहरू २०

३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या २०


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या


४.१ सुकुम्बासी बालबालिकाको प्राथमिक तहमा सहभागिता २१

४.१.१ जाती अनुसार सुकुम्बासी बालबालिकाको शिक्षण संलग्नता २४

४.१.२ अभिभावकको साक्षरताको आधारमा बालबालिकाको विद्यालयमा भर्ना २५

४.१.३ सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको शिक्षामा संलग्नता २६

४.२ सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारणहरू २७

४.३ सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नका कारणहरू ४०

४.४ सुकुम्बासी बालबालिकाको विद्यालयमा सहभागिताका समस्याहरू ४७


## परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरू


५.१ प्राप्ति ५२

५.२ निष्कर्ष ५३

५.३ सुझावहरू ५५

**सन्दर्भ सूचि**

**अनुसूचिहरू**

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा नै देश विकासको मेरूदण्ड हो । जबसम्म देशका सम्पूर्ण नागरिक शिक्षित हुँदैनन् तवसम्म समष्टिगत रूपमा देश विकास सम्भव छैन । चेतनाको स्तरलाई माथि उठाएर आफ्नो विचार व्यक्त गर्न सक्ने बनाउन, देशको गौरब बढाई राष्ट्रिय स्वतन्त्रता र अखण्डता जोगाउन शिक्षा र साक्षरता अपरिहार्य छ । वास्तवमा भन्ने हो भने शिक्षा रहर र वाध्यता हैन, यो आजको अनिवार्य आवश्यकता हो । यस तथ्यलाई हृदयंगम गरी हाम्रो देशमा पनि प्राचिनकालदेखि कुनै न कुनै रूपमा शिक्षा लिने तथा दिने प्रचलन रहँदै आएको छ । हाम्रो देशको शिक्षालाई नियाल्दा गुरुकुल, ऋषिकुल, राजकुल हुँदै आजको परिप्रेक्ष्यमा शिक्षा आइपुगेको छ । आज विज्ञान प्रविधि र सञ्चारको विकासले ठूलो फड्को मार्न सकेको छ । मानिसको सक्षमता तथा असक्षमताको मापन गर्ने माध्यम नै शिक्षा भएको छ । अल्पविकसित मुलुकहरूमा भने शिक्षाले चाहे अनुसारको राम्रो गति लिन सकेको छैन । यस क्षेत्रका विद्यार्थीहरू विकसित मुलुक तर्फ शिक्षा आर्जन गर्न जाने र उतै पलायन हुने खतरा समेत बढ्दै गएको छ ।

बालबालिकाहरू नै शिक्षा विकासको मूल प्रवाह हुन् । उनीहरूलाई सक्षम, क्षमतावान र स्वावलम्वी बनाउन शिक्षाको विकास गर्नु जरुरी पर्दछ किनभने शिक्षाको केन्द्रविन्दु भनेका विद्यार्थी नै हुन् । विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय प्रवेश गराउन र प्रवेश गरिसकेका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन ‘सबैका लागि शिक्षा’ कार्यक्रमलाई अभियानको रूपमा अगाडि लैजान थालिएको छ । सन् २००० सम्ममा देशका सबै बालबालिकालाई गुणस्तरीय प्राथमिक शिक्षाको अवसर प्रदान गर्ने कुराको प्रतिबद्धता सन् २०१५ मा सिनेगलको राजधानी डकारमा आयोजित शिखर सम्मेलनले गरेको हो (शिक्षा विभाग, २०६४) ।

विद्यालयमा प्रवेश गर्न नसकेका बालबालिकाहरूलाई विद्यालयमा प्रवेश गराउने, विद्यालयमा प्रवेश गरिसकेकालाई निरन्तरता दिने र विद्यालय नछाड्ने वातावरण तयार गरी शिक्षाको अवसर सुनिश्चित गर्नुपर्ने आजको चुनौती रहेको छ । चुनौतीको सामना गर्न

शिक्षक, प्र.अ. अभिभावक संघ, वि.ब्य.स. जिल्ला शिक्षा कार्यलय, जि.वि.स., गैर सरकारी निकायका प्रतिनिधिहरू एवम् अन्य सरोकारवालाको समेत संलग्नतामा विद्यालय स्वागत कार्यक्रम मार्फत विद्यार्थीलाई विद्यालयमा प्रवेश गराउन घरदैलो कार्यक्रम सञ्चालन गरी बालबालिकाहरूलाई विद्यालय प्रवेश गराइएको छ । तर एकपटक विद्यालय भर्ना भइसकेका बालबालिका प्राथमिक तहको पढाइ पूरा नहुँदै विविध कारणले बीचैमा विद्यालय छाड्ने गरेका छन् । उनीहरूलाई विद्यालयमा ल्याउन र निरन्तरता दिन जरुरी देखिन्छ । (रावल, २०६३) ।

यसरी नै पर्याप्त मात्रामा शिक्षकको ब्यवस्था नहुनु, विद्यालयमा मनोरञ्जनात्मक ढङ्गबाट पढाई नहुनु, महिला शिक्षकको ब्यवस्था कानूनमा मात्र हुनु, विद्यालय आएका बालबालिकालाई मात्र पढाउने परिपाटीको विकास भई विद्यालय नआएका बालबालिका किन आएनन् भनी खोजी गर्ने परिपाटी नहुनु विद्यालय तर्फको पाटो रहेको छ । त्यसैगरी अभिभावक, समुदाय आदिमा चेतनाको अभाव हुनु, आर्थिक विपन्नताका कारण आफुसँगै छोरा–छोरीलाई पनि काममा लैजानु, भाइवहिनी हेर्न लगाउनु, पढेर के हुन्छ आफ्नो काम त मजदुरी गर्ने नै हो भन्ने धारणा बनाउने र कापी, कलम, पोषाक, किताबको ब्यवस्था गर्न नसक्नु जस्तो अभिभावकको पाटो रहेको छ (अधिकारी, २०६२) ।

गरिबी निवारणमा खासगरी बालिका र पिछडिएका वर्गको शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । उपयुक्त शिक्षाका कारण महिला तथा कमजोर तहका जनताहरूले मुलुकको आर्थिक गतिविधिमा सक्रिय रूपले भाग लिने अवसर पाउने हुनाले यसको परिणाम स्वरूप विद्यमान गरिबीमा कमी आउने स्वत : स्पष्ट छ । साथै यसले जनस्वास्थ्यको बारेमा चेतना जागरणमा पनि महत्वपूर्ण योगदान दिने हुनाले मुलुकको मानवीय शक्तिको क्षमता अभिवृद्धिमा अनुकूल प्रभाव उत्पन्न गर्दछ त्यसैगरी निर्णय प्रकृयामा दलित, सुकुम्बासी तथा पिछडिएका समुदायको साक्षरता दर ज्यादै न्यून रहेको अवस्थामा यस समुदायका प्राथमिक तहमा अध्ययनरत बालबालिकाको शिक्षा प्रतिको उत्सुकता पनि कम भई विद्यालय बीचमा नै छाड्ने प्रवृत्तिले जरो गाड्न सक्ने सम्भावनालाई नकार्न सकिदैन । मुलुकको भौगोलिक, सामाजिक, आर्थिक तथा क्षेत्रिय विविधताहरू टड्कारो रूपमा रहेका छन् । कतिपय अवस्थामा यो विविधता समस्याको रूपमा पनि खडा भएको देखिन्छ (थापा, २०६५) ।

नेपाल २००७ सालमा प्रजातन्त्रको स्थापना पछि शिक्षा राज्यको प्रमुख दायित्त्वको रूपमा परिभाषित हुनपुग्यो । शिक्षाको गुणात्त्मक विकासका लागि विभिन्न समयमा विभिन्न आयोगहरू गठन भई समयानुसार शिक्षा नीति एवम् शैक्षिक कार्यक्रमहरू लागु गरिदै आएको पाइन्छ । यसै सन्दर्भमा रा.शि.आ. २०४९ ले निर्धारण गरेको शिक्षाका राष्ट्रिय उद्देश्यमा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गरिनेछ भनिएको छ तर सामाजमा ब्याप्त वर्ग विभेद, अशिक्षा र गरिबीका कारण समाजका टाठाबाठा वर्गले बढी सुविधा उपयोग गरिरहेको पाइएको छ (रावल, २०६३)

विद्यार्थी स्वयम्ले समेत आफ्नै कारणले विद्यालय जान्छुभनी अन्य कुनै स्थानमा गएर विद्यालयको समय बिताई अभिभावकहरूलाई झुक्याएर एवम् पढाइ कमजोर भएकोले सँधैका लागि कमजोर मनोवृत्ति बनाएर आदि कारणले समेत विद्यार्थीहरू विद्यालय नजाने र बीचैमा कक्षा छाड्ने समेत गरेका छन् । यसको अतिरिक्त केही विद्यालयहरूमा दलित सुकुम्बासी बालबालिकाहरू र अन्य बालबालिकाहरूमा विद्यालयसम्मको पहुँच कायम हुन सकेको छैन । प्राथमिक तहमा सबै बालबालिकाहरूलाई विद्यालय प्रवेश गराउन सबैलाई अनिवार्य एवम् निशुल्क गुणस्तरीय शिक्षा उपलब्ध गराउने सबैका लागि शिक्षा कार्यक्रमको मूल मर्म भएकोले यसको सार्थक प्रयोगको लागि बालबालिकाहरूको विद्यालय छाड्ने कारणहरूको अध्ययन गरीएको हो (शिवाकोटी, २०६२)

देशको सामाजिक, साँस्कृतिक पृष्टभूमि अनुरूप सबै गरीब, दलित, जनजाति, विपन्न वर्ग, पछौटेपनका पीडा भोगेका समुदाय, वर्ग र तहका मानिसलाई समेत शिक्षाको मूल प्रवाहमा ल्याउने आजको आवश्यकता हो । वि.सं. २०६२/०६३ को जनआन्दोलनले देशमा गणतन्त्रात्मक व्यवस्थाको स्थापना गरेको छ । यस व्यवस्थाले विपन्न जातजातिहरूको उत्थान गर्न, विपन्नता, गरीबी, पछौटेपनको अन्त्य गर्न र विद्यालयका सरोकारवालालाई आवश्यकता र मर्म बुझी कार्य गर्नमा समेत सहयोग पुग्ने साथै उनीहरूको भर्नादरमा समेत वृद्धिगरी उनीहरूलाई विद्यालयमा टिकाइ राख्न र निरन्तरता दिन समेत सहयोग पुग्नेछ ।

## १.२ समस्याको कथन

शिक्षा क्षेत्रको विकास नै सम्पूर्ण क्षेत्रको विकास हो । शिक्षामा लगानी गरी सरोकारवालाहरूलाई सचेत र जागरुक बनाई कार्यगर्ने प्रयास गरिएको छ । सरकारी, गैरसरकारी एवम् सरोकारवालाहरूले समेत शिक्षामा सकेसम्मको प्रयास गरिराखेको देखिन्छ तथापि शिक्षाको विकासमा अपेक्षाकृत उन्नति प्रगति भने हुन सकेको देखिदैन । हाम्रो देश नेपाल बहुभाषिक एवम् बहुजातीय थलो हो । जनचेतनाको कमी, अज्ञानता र अशिक्षाको कारणले यहाँका मानिसहरू अझै जातपात, छुवाछुत, ठूलो–सानो, धनी गरिब, शोषक–शोषित जस्ता असमान व्यवहारहरूमा रुमलिएका छन् । यस्तो प्रकारको सोचाइ, विचारलाई अन्त्य गर्न परम्परागत नकारात्मक सोचलाई अन्त्य गरी मनोवैज्ञानिक एवम् व्यवहारिक रूपले समाधान गर्ने एउटै मात्र उपाय शिक्षा आर्जन र विकास हो । हाम्रो देशका जनता भौगोलिक हिसाबले जातीय हिसाबले, आर्थिक विपन्नताको कारणले शिक्षा लिन तथा दिनमा ठगिएका छन् । त्यसैले यसको निराकरण गर्नु ठूलो चुनौतीको रूपमा रहेको देखिन्छ । उक्त समस्याहरूको सदाका लागि समाधान गर्न राज्यले सामाजिक, आर्थिक, वौद्धिक लगानी गरी हटाउन, समतामूलक समाजको विकास गर्न विभिन्न प्याकेज र योजना अघि सारेतापनि समस्याको समाधान हुन सकेको छैन । सबैका लागि शिक्षा कार्यक्रमले प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य गर्न कटिबद्ध गरी सरकारी र गैरसरकारी निकायहरूले यो उद्देश्य पूरा गर्न लागिपर्दा पनि बालबालिकाहरू विद्यालयमा भर्ना हुने, नियमित विद्यालय जाने तथा विद्यालय छाड्ने दरको समस्या भने यथावत नै देखिनु एउटा चुनौतीको रूपमा रहेको छ ।

सन् २००० को अप्रिलमा सिनेगलको डकारमा सम्पन्न सम्मेलनले “सन् २०१५ सम्म सबैका लागि शिक्षा” भन्ने मूल उद्घोष पारित गऱ्यो । उक्त उद्घोषलाई नेपालले पनि अंगिकार गरेको छ । सरकारी, गैर सरकारी एवम् सरोकारवालाले समेत शिक्षामा सकेसम्मको प्रयास गरिराखेको नै देखिन्छ तथापि शिक्षाको विकासमा अपेक्षाकृत उन्नति प्रगति भने हुन सकेको देखिदैन ।

नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत कोशी अञ्चलमा पर्ने सुनसरी जिल्लामा रहेको जनता सुकुम्बासी वस्तीमा विभिन्न जातजाति, दलित, जनजाती एवम् आर्थिक रूपले पछाडी परेका, दुईछाक खान धौ–धौ पर्ने समुदाय वसोवास गर्दै आएको छ । आर्थिक

विपन्नता, कमजोरी, चेतनाको कमी र अभिभावक स्वयम् निरक्षर भएको कारण बालबालिकाहरूको पठनपाठन प्रभावकारी नभई कतिपय बालबालिका विद्यालयमा भर्ना हुन सकेका छैनन् भने कतिपय बालबालिकाले बीचैमा विद्यालय छाड्ने गरेका छन् । इटहरी न.पा. वार्ड नं. ५ मा स्थित जनता सुकुम्बासी बस्तीमा प्रयाजसो गरिव र विपन्न वर्गका मानिसहरू वसोवास गर्दै आएका छन् । अभिभावकहरूको अशिक्षा, गरिवी, विपन्नता, जनचेतनाको कमि, सरकारी गैरसरकारी निकायबाट योजनावद्ध जागरण अभियानको कमि, सरोकारवालाहरूको समन्वयको अभाव, वि.ब्य.स., जि.शि.का. आदिबाट प्रभावकारी कदम नचालिनु कक्षाकोठा भित्र गरिने क्रियाकलापहरूको अभाव, परम्परागत सोचाइ जस्ता कारणहरूले विद्यालय तर्फ बालबालिकाहरू आकर्षित हुन सकेका छैनन् । यसरी यसैको सेरोफेरोमा रही उक्त सुकुम्बासी बस्तीमा रहेका प्राथमिक विद्यालय उमेरका बालबालिका, तिनका अभिभावक, वि.ब्य.स. का पदाधिकारीहरू प्र.अ., शिक्षक, अभिभावक संघका पदाधिकारीहरू, बुद्धिजीविहरूबाट समस्या र समाधानका उपायहरूको तथ्य, पत्ता लगाउन यस अध्ययनमा निम्नअनुसारका समस्याहरू उठान गरिएको छ ।

क) यस सुकुम्बासी बस्तीमा प्राथमिक विद्यालय उमेरका बालबालिका कति छन् ?

ख) तिनमा कतिजना विद्यालयमा भर्ना भएका छन् ?

ग) भर्ना भएकामा कति निरन्तर विद्यालय जान्छन् ?

घ) बालबालिकाले बीचैमा विद्यालय छाड्नुपर्ने कारक तत्वहरू के–के हुन् ?

ङ) सुकुम्बासी बालबालिकाका अभिभावकको शिक्षाप्रतिको धारणा कस्तो छ ?

च) यस वस्तीमा रहेका प्राथमिक उमेरका बालबालिकामा कति विद्यालयमा भर्ना नै भएका छैनन् ?

छ) उनीहरू स्वयम् विद्यालय नगएका कि वावुआमाले नपठाएका ?

ज) सुकुम्बासी वस्तीका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि के–कस्ता उपाय र रणनीति अपनाउनु उपयुक्त हुन्छ ?

यस अनुसन्धानमा मुख्यगरी सुकुम्बासी वस्तीमा प्राथमिक विद्यालय उमेरका बालबालिकाका सम्बन्धमा निम्न प्रश्नहरू उठान गरिएको छ : यो सुकुम्बासी वस्तीमा प्राथमिक विद्यालय उमेरका बालबालिका कति छन् ? तिनमा कतिजना विद्यालय भर्ना

भएका छन् ? भर्ना भएकामा कति निरन्तर विद्यालय जान्छन् ? कतिले बीचैमा विद्यालय छाडेका छन् ? किन छाडेका छन् ? कति विद्यालयमा भर्ना भएका छैनन् ? उनीहरू किन विद्यालय नगएका ? कि बाबु आमाले नपठाएका ?

## १.३ अध्ययनको औचित्य

विद्यालयको पठनपाठनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु आजको आवश्यकता हो । विश्वमा आएको परिवर्तित, प्रतिस्पर्धात्मक तथा विज्ञान प्रविधिको अत्यधिक विकास भइ सकेको परिप्रेक्ष्यमा नेपालमा पनि गुणात्मक शिक्षाको अपरिहार्यता देखिन्छ । गुणस्तरीय शिक्षाले मात्र आम नागरिकहरूलाई सम्मानजनक रूपमा समाजमा रहन र सामाजिक जीवन व्यतित गर्नको लागि सहयोग पुऱ्याउने गर्दछ । देशमा रहेका जनशक्तिमा ज्ञान, सीप उचित मात्रामा भई प्रतिस्पर्धामा खरो रूपमा उत्रन सक्ने भएमा मात्र यसले सार्थक रूप लिन सक्दछ । गुणात्मक शिक्षा एउटा समूह, व्यक्ति र समुदायको प्रयासबाट मात्र नभई यसको लागि प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ.सं., समुदाय, स्थानीय निकाय, सरकारी तथा गैरसरकारी निकायहरू र सरोकारवालाहरू सबैको उतिकै महत्त्वपूर्ण प्रयास हुनु नितान्त जरुरी हुन्छ । अभिभावकहरू, समुदाय, बालबालिकाहरूमा देशमा विभिन्न समस्याहरूले ग्रसित पारेको हुँदा उनीहरूमा सर्वप्रथम जनचेतनाको अभिवृद्धि गरिनु पर्दछ ।

जनचेतना अभिवृद्धि गर्नु आजको महत्त्वपूर्ण कार्य हो । सरोकारवालाहरू सबै सचेत भएको खण्डमा मात्र बालबालिकाहरूलाई विद्यालयमा शिक्षक तथा घरपरिवारमा अभिभावकहरूबाट मायालु वातावरण सिर्जना गरी डर, त्रास, धम्की, दण्ड, सजाय दिने, होच्याउने जस्ता क्रियाकलापहरू सदाका लागि अन्त्य गरिनु पर्दछ । समुदाय, विद्यालय, सरकारी तथा गैरसरकारी निकाय, अन्तराष्ट्रिय जगत सबैले जतिसुकै ठूलो धनराशी लगानी गरेपनि विद्यालयको पठनपाठनको वातावरण अनुकूल बनाउन नसकेमा, उनीहरूलाई मनोरञ्जनात्मक ढङ्गबाट, मायालु वातावरण सिर्जना गर्न नसकेमा बालबालिका विद्यालयमा भर्ना नहुने, नियमित विद्यालय नजाने तथा बीचैमा कक्षा छाड्ने भएकोले उनीहरूको मनोविज्ञान बुझी कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप गर्नु जरुरी देखिन्छ । आजको आवश्यकता र चुनौती भनेको विद्यालयलाई बालमैत्रीपूर्ण बनाउनु हो ।

प्राथमिक विद्यालय विद्यालय स्तरको पठनपाठनको जग हो । जग बलियो बनाउनु सरोकारवालाहरू सबैको दायित्व हुन आउँछ । प्राथमिक शिक्षण सिकाइ सञ्चालन गर्नु एकदमै जटिल कार्य हो यो तह आधारभूत तह भएकोले बालबालिकाहरूको शारीरिक, मानसिक,, वौद्धिक, सम्वेगात्मक एवम् सामाजिक विकासको सुरुवात मात्र भएको हुन्छ । त्यसैले प्राथमिक तहमा बालबालिकाहरूको मनोविज्ञान बुझेर सोही अनुरूप कक्षा सञ्चालन गरी उनीहरूलाई विद्यालय प्रति आकर्षित गराउन साथै कक्षामा टिकाइ राख्न नितान्त आवश्यक पर्दछ । गरिबी, विपन्नता एवम् आर्थिक अभावका कारणले पछाडी परेका विपन्न वर्गका समुदाय, दलित, जनजातिहरूमा अज्ञानताले विद्यालय नजाने र बीचैमा विद्यालय छाड्ने क्रम बढ्दो मात्रामा भएकोले यसको न्यूनीकरण गर्नु नितान्त आवश्यक हुन्छ ।

आजका बालबालिकाहरू भोलिका राष्ट्रका कर्णधार हुन् बालबालिका स्वावलम्बी, इमान्दार लगनशील भई आफ्नो कार्यमा अनुशासित रूपमा लागेको खण्डमा भोलिको देशको र बालबालिकाको भविष्य सुनौलो हुने निश्चित छ । प्राथमिक तहका बालबालिकाहरू कुमालेको माटाको भाँडा बनाउन तयार पारेको काँचो माटो जस्तै भएकोले उनीहरूलाई कस्तो बनाउने भन्नेकुराको निर्णय सरोकारवालाहरूको भूमिकामा निर्भर रहन्छ । बालबालिकाहरूको पठन–पाठनमा ध्यान दिई शैक्षिक उपलब्धिदरमा वृद्धि हुनेगरी पठन पाठन गर्नु आजको चुनौती रहेकोले यसको महत्व वढेको छ । बालबालिका किन ? कसरी ? कहिले ? कहाँ र के कारणले विद्यालय प्रवेश नगर्ने, नियमित विद्यालय नजाने तथा गएपनि बीचैमा विद्यालयछाड्ने गर्दछन् । सो को पहिचान गरी उनीहरूका समस्याको समाधान गर्न प्रयासरत रहनु आजको नितान्त आवश्यक हुन आउँछ । यसरी हेर्दा प्राथमिक तह आधारभूत तह हो । विद्यालय स्तरीय शिक्षाको जग नै प्राथमिक शिक्षा भएकोले यस तहको अध्ययन गर्नु महत्त्वपूर्ण कार्य हो ।

चालु दशौं योजना (वि.सं. २०५९–२०६४) ले समेत साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषतः पिछडिएका समुदाय तथा महिलाको जीवनस्तर उकास्ने लक्ष्य राखेको छ । यस अनुसार सरकारी तथा गैर सरकारी संस्थाहरू समेतले साक्षरता कार्यक्रमहरू सञ्चालन गराउनुको साथै विद्यालयहरूको भौतिक अवस्था सुधारमा टेवा पुऱ्याए तापनि साक्षरता वृद्धिमा सन्तोषजनक उपलब्धि हुन सकेको छैन । यसै सन्दर्भमा सुकुम्बासी समुदायका बालबालिकाहरू कसरी शिक्षाको मूलधारमा समाहित हुन सक्छन् ? कसरी उनीहरूलाई

नियमित विद्यालय पठाउन सकिन्छ ? तथा कसरी भएकामा सत् प्रतिशतलाई विद्यालयमा टिकाइ राख्न सकिन्छ ? जस्ता प्रश्नहरूको सार्थक जवाफ पाउन यस अध्ययनको औचित्य रहेको छ ।

आजका बालबालिका भोलिका राष्ट्रका कर्णधार हुन् त्यसैले उनीहरूको शिक्षा जीवनोपयोगी होस् भन्ने मनसायले नेपाल सरकारले शिक्षा नीतिमा परिवर्तन ल्याएको छ । निःशुल्क पाठ्यपुस्तक वितरण, विभिन्न प्रकारका छात्रवृत्तिहरू वितरण, महिला शिक्षा, निःशुल्क प्राथमिक शिक्षा प्रति विद्यार्थी लागत अनुदान रकम उपलब्ध गराउने, बाल विकास केन्द्र सञ्चालन गर्ने, विद्यालयको भौतिक सुविधा एवम् गुणस्तरमा वृद्धि गर्ने खाल्का कार्यक्रमहरू लागू गरिएका छन् । यति हुँदाहुँदैपनि प्राथमिक तहमा भर्ना नै नहुने, प्राथमिक तहको शिक्षा पूरा नगरी बीचैमा पढाइ छाड्ने प्रवृत्तिले जटिल समस्यामा पारेको छ । बालबालिका किन विद्यालयमा भर्ना हुँदैनन् ? उनीहरू के कारणले विद्यालय छाड्ने गर्छन् । उनीहरू शिक्षामा सहभागी हुन के–कस्ता समस्या वाधक बनेका छन् ? पुरै बालबालिकामा कतिले शिक्षाको अवसर पाएका छन् ? कति शिक्षाको अवसरबाट वन्चित छन् ? आदिको अध्ययन विश्लेषण गरी उनीहरूको शैक्षिक सहभागिता दरमा वृद्धि गर्ने, नियमित विद्यालय आउने साथै बीचैमा कक्षा नछाड्ने वातावरण तयार गर्न सो का उपायहरू पहिल्याउनु । यस अध्ययनको औचित्य रहेको छ ।

यस अध्ययनले जि.शि.का., प्र.अ., अभिभावक, गैरसरकारी संस्थाहरू, वि.ब्य.स. एवम् शिक्षा सँग सम्बन्धित सरोकारवाला, नीति निर्माता, योजनाकार तथा भावी शैक्षिक अनुसन्धानकर्तालाई समेत सहयोग पुऱ्याउने छ ।

शैक्षिक क्षेत्रको समुचित विकास र क्रमिक सुधारको लागि शिक्षा क्षेत्रमा देखिएका समस्याहरू पहिल्याई त्यस्ता समस्या समाधानका उपाय पत्ता लगाउन अति आवश्यक हुन्छ यस अध्ययनले अध्ययन क्षेत्रको प्राथमिक विद्यालय उमेरका सुकुम्बासी परिवारका बालबालिकाको शिक्षामा पहुँच पत्ता लगाउने छ । यसबाट प्राथमिक विद्यालय उमेरका सुकुम्बासी बालबालिका त्यो सुकुम्बासी वस्तीमा कति छन् ? तिनमा कतिले शिक्षाको अवसर पाएका छन् ? कति शिक्षाको अवसरबाट वन्चित छन् ? र यसका मुख्य कारण पत्ता लगाउने कार्यबाट समाधानका उपायहरू पत्ता लगाउन सहयोग पुऱ्याउने छ । दलित, सुकुम्बासी बालबालिकाको हकहितमा कार्यरत संघ, संस्था, शिक्षा विकासमा लागेका संघ, संस्था, वुद्धिजीविलाई शिक्षा योजना निर्माण गर्न प्रस्तुत अध्ययनले सहयोग पुऱ्याउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनलाई पूर्णता दिनको लागि निम्नअनुसार उद्देश्यहरू चयन गरिएको छ ।

क) सुकुम्बासी बालबालिकाको प्राथमिक तहमा सहभागिताको स्थिति पहिचान गर्ने ।

ख) सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने कारक तत्त्वहरूको लेखाजोखा गर्ने ।

ग) सुकुम्बासी बालबालिकाले बीचैमा विद्यालय छाड्ने कारणहरूको विश्लेषण गर्ने ।

घ) सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा सहभागिताको समस्या पत्ता लगाउने ।

ङ) सुकुम्बासी बालबालिकाको सहभागितामा देखिएका समस्या निराकरणका उपायहरू सुझाउने ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

सुकुम्बासी बस्तीका बालबालिकाहरूको शिक्षामा पहुँच पत्ता लगाउन निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरूको जवाफ खोज्नमा यस अध्ययनलाई केन्द्रित गरिएको छ :

क) सबै सुकुम्बासी बालबालिका प्राथमिक तहमा भर्ना भएका छन् ?

ख) प्राथमिक उमेर समुहका सुकुम्बासी बालबालिकाको सहजै देखिने भर्नादर र खुद भर्नादरको स्थिति कस्तो छ ?

ग) किन सुकुम्बासी परिवारका बालबालिका विद्यालयमा भर्ना भएका छैनन् ?

घ) सुकुम्बासी बालबालिकाको विद्यालयमा भर्नादर कसरी बढाउन सकिन्छ ?

ङ) बालबालिकाले बीचैमा पढाइ छाड्नाका जिम्मेवार पक्षहरू के–के हुन् ?

च) उनीहरूले बीचैमा पढाइ छाड्नाका जिम्मेवार पक्षहरू के–के हुन् ?

छ) उनीहरूलाई विद्यालय फर्काउने उपायहरू के–के हुन सक्छन् ?

ज) के सुकुम्बासी बालबालिकाको बीचैमा कक्षा छाड्ने दरलाई घटाउन सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनलाई सुनसरी जिल्लाको इटहरी नगरपालिका वार्ड नं. ५ भित्रका बालबालिकामा यस अध्ययनलाई सीमित गरिने छ । यसैगरी उक्त सुकुम्बासी प्राथमिक उमेर समुह भित्रका बालबालिकाको विद्यालय शिक्षा र सम्बन्धित पक्ष संग यस अध्ययनलाई सीमित गरिने छ ।

यो अध्ययन सीमित क्षेत्रसंग मात्र सम्बन्धित भएको हुँनाले प्राप्त निश्कर्षहरूलाई अन्यत्र सामान्यीकरण गर्न सकिदैन समय, स्रोत र साधनको सभावका कारण यो अध्ययनलाई व्यापक सर्वेक्षण गर्न नसकी नमूना छनोटको आधारमा सीमित गरिएको छ ।

## १.७ सम्बन्धित शब्दावलीको परिभाषा

सम्बन्धित शब्दावलीको संक्षिप्त रूपको अर्थ

१) प्र.अ. : प्रधानाध्यापक

२) जि.शि.का. : जिल्ला शिक्षा कार्यालय

३) वि.व्य.स. : विद्यालय ब्यवस्थापन समिति

४) मा.वि. : माध्यमिक विद्यालय

५) नि.मा.वि. : निम्न माध्यमिक विद्यालय

६) प्रा.वि. : प्राथमिक विद्यालय

७) शि.म. : शिक्षा मन्त्रालय

८) क्षे.शि.नि. : क्षेत्रिय शिक्षा निर्देशनालय

९) गा.वि.स. : गाउँ विकास समिति

१०) रा.शि.प. : रष्ट्रि शिक्षा पद्धति

११) वि.नि. : विद्यालय निरिक्षक

१२) न.पा. : नगरपालिका

# परिच्छेद : दुई

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पूनरावलोकन

### २.१ सम्बन्धित साहित्यको पूनरावलोकन

विभिन्न विद्वानहरूका लेख, रचना, पत्रपत्रिका तथा कृतिहरूको अध्ययन गरी शोधकर्ताले शोधपत्र तयार गर्नु सान्दर्भिक ठहर्छ । विद्वान तथा सरोकारवालाहरूका लेख, रचना र कृतिहरूको अध्ययन विना शोधकार्य अधुरो हुने गर्दछ । आफूले अध्ययन गरेको अध्ययन सँग सम्बन्धित पूर्व साहित्यको अध्ययनगरी त्यसबाट निकालेको निश्कर्ष, सुझाव, राय, ब्याख्या–विश्लेषणको आधार प्राप्त गर्नु अध्ययनकर्ताको लागि आवश्यक हुन्छ । यस सन्दर्भमा हालसम्म सुनसरी जिल्लामा सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँचको विषयमा अध्ययन गरेको नपाइएतापनि यस विषयसँग मिल्दाजुल्दा केही अध्ययन–अनुसन्धानको समिक्षागरी त्यसको आवश्यक पृष्टपोषण लिएर यो अध्ययन सामग्री तयार गरिएको छ ।

त्यसैगरी प्राथमिक शिक्षामा पहुँच, प्राथमिक शिक्षामा देखिएका समस्या, प्राथमिक शिक्षा सर्वसुलभ रूपमा लागु गराउने तौर–तरिकाहरू उल्लेख गरिएका धेरै लेखहरू प्रकाशित भइराखेका छन् । नेपाल सरकारबाट भए–गरेका प्रयास र दातृ राष्ट्रबाट सञ्चालन भएका र सञ्चालन गरिराखेका साथै विभिन्न पत्र–पत्रिका, पुस्तकहरू, शोधपत्रबाट खोजी गरेका प्राथमिक उमेरका बालबालिकाको शैक्षिक सहभागिता सम्बन्धि विविध पक्षमा भए–गरेका अध्ययन–अनुसन्धान एवम् प्रतिवेदनको निश्कर्षलाई समेटिएको छ ।

अधिकारी, (२०६२) को अनुसार मिति २०६२ भदौ २३ गते अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा प्रकाशित साक्षरता विशेषाङ्क पत्रिका मार्फत यो लेख प्रस्तुत गर्नु भएको हो । शिक्षामा पहुँचको प्रमुख मुद्दा नै भएको छ । यस लेखमा समाजमा भौगोलिक, लैङ्गिक, आर्थिक, शारीरिक, सामाजिक, धार्मिक र मनोवैज्ञानिक रूपले पछाडि परेका घर–परिवारका बालबालिकाहरू मध्ये अझैपनि झण्डै १७% बालबालिका विद्यालय आउन नसकेको र विद्यालय आउन नसकेका बालबालिकालाई विद्यालयमा ल्याउने, विद्यालयमा आइसकेकाहरूलाई निरन्तरता दिने र विद्यालय छाडिसकेकालाई शिक्षाको अवसर सुनिश्चित गर्न राष्ट्रको महत्त्वपूर्ण दायित्त्व भएतापनि विद्यालयसँग सम्बन्ध सबै सरोकारवालाहरूले इमान्दारीपूर्वक लागिपरी समस्याको समाधान गर्नमा भरमग्दुर प्रयास गर्नुपर्ने कुरा उल्लेख

गर्नुभएको छ । यही अभियानको प्रारम्भिक चरणमा विभिन्न कारणले विद्यालय प्रवेश नगरेका तथा विद्यालय छाडेका बालबालिकाले विद्यालय प्रवेश नगर्नु, विद्यालय छाड्नुको कारण पत्ता लगाई सो कारणको निराकरणको लागि विभिन्न कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । सो कार्यक्रम सञ्चालन गर्दा विभिन्न शैक्षिक तथ्याङ्कले कक्षा १ देखि कक्षा ३ सम्मका बालबालिका विद्यालय भर्ना भई प्राथमिक स्तरको पढाइ पूरा नगरी बीचैमा छाड्दछन् र यो सङ्ख्या अत्यधिक देखिएको छ । यसैलाई आधार लिई अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत बालशिक्षा, प्रथम र द्वितीयको रूपमा कक्षा सञ्चालन गरिदै आएकोले बीचैमा विद्यालय छाड्ने बालबालिकालाई विद्यालय प्रवेश गराउन प्रोत्साहन भएको कुरा उल्लेख गर्नु भएको छ ।

शिवाकोटी, (२०६२) को अनुसार झापा जिल्लाको प्राथमिक विद्यालयमा दलित विद्यार्थीहरूको विद्यालय छाड्ने कारणहरूको एक अध्ययन विषयक शोधपत्र आशा शर्मा शिवाकोटी उम.एड. दोस्रो वर्ष महेन्द्ररत्न क्याम्पस ताहाचल काठमाण्डौद्वारा लेखिएको शोधकार्य हो । यस शोधकार्यले झापा जिल्लाको प्राथमिक विद्यालयका दलित विद्यार्थीहरूले विद्यालय छाड्ने कारणहरूलाई विद्यालयमा प्रवेश गराई उनीहरूलाई विद्यालयमा नै टिकाइ राख्न र बालबालिकाहरूको सहभागिता वृद्धि गर्न विभिन्न दृष्टिकोणहरू प्रस्तुत गर्नु भएको छ । सहभागिता, नियमितता र स्थायित्त्वको सट्टा बीचैमा विद्यार्थीहरूद्वारा विद्यालय छाड्ने कारणहरूलाई बुँदागत रूपमा केलाउनु भएको छ । जनचेतनाको कमी, अज्ञानता, अशिक्षाको कारणले मानिसहरूमा जातपात, छुवाछुत, धनी, गरिब, ठूलो, सानो, पानी चल्ने, नचल्ने जस्ता कुसंस्कारहरूले समाजलाई ग्रस्त पारेको कारणले कक्षा छाड्ने, विद्यालयमा भर्ना नै नहुने जस्तो समस्या वृद्धि भएको कुरा उल्लेख गर्नुभएको छ ।

पौडेल, (२०६३) यसैगरी बीचैमा विद्यालय छाड्ने बालबालिकाहरूलाई नियमित गराउन सुधारको पाटोको समेत उल्लेख गर्नुभएको छ । सबैका लागि शिक्षाको प्राप्ति, अशिक्षाको निराकरण एवम् निरन्तर शिक्षाको लक्ष्य हासिल गर्न कम्तीमा पनि यी तीन पक्षको योजना तथा व्यवस्थापन सुधार गर्ने गरी संस्थागत संरचनाको सुधार गरी समयानुकुल क्षमता, समानता, गुणस्तर सान्दर्भिकता तथा प्रभावकारीताको अवस्थाबाट हेरी विकसित गर्ने कुराहरू उल्लेख गर्नु भएको छ । साथै योजना निर्माणलाई सूचनाको आधारमा मात्र बनाउने, सूचनाहरूलाई व्यवस्थित गर्न कार्यक्रमहरू सञ्चालन गरी दलित, जनजाति, आर्थिक विपन्नता, पछौटेपन, कठिनपूर्ण जीवनयापन गरिरहेका समूह आदिको पहिचान गरी

यस अवस्थालाई न्यूनीकरण गर्नमा मद्यत पुऱ्याउनु पर्ने कुरा उल्लेख गर्नु भएको छ । साथै हाल भइरहेको निरिक्षण, अनुगमन पद्धतिलाई सुधार गर्नुपर्ने अनुगमनका आधारहरू के–के हुन् ? के कति कारणले अनुगमन प्रभावकारी हुन नसकेको हो ? ती कारणहरूको समाधान किन हुन सकेनन् ? जस्ता समस्याहरूको पहिचान गरी सुधार गर्नुपर्ने कुरा उल्लेख गर्नु भएको छ । पौडेलको अनुसार अनौपचारिक शिक्षा केन्द्र सानोठिमी भक्तपुरबाट वार्षिक रूपमा प्रकाशन हुने साक्षरता विशेषङ्क २०६३ भाद्र २३ गते अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा वार्षिक अङ्क मार्फत यो लेख प्रस्तुत गर्नु भएको हो । प्रस्तुत लेखमा लेखकले अनौपचारिक शिक्षाका मुद्दा तथा चुनौतीहरूलाई खोतल्न प्रयास गर्नुभएको छ । खासगरी पठ्यपुस्तकको अभाव हुनु, अनुगमन तथा सुपरिवेक्षण प्रभावकारी नहुनु, साँच्चै भन्ने हो भने विद्यमान निरिक्षण तथा सुपरिवेक्षण प्रणाली आफैमा सक्षम हुन नसक्नु, यसले विविध समस्याहरू निम्त्याउनु एवम् सूचना व्यवस्थापनमा प्रभावकारीता नआउनु, मूल्याङ्कन हचुवाको भरमा गरिनु, सत्य–तथ्य मूल्याङ्कन नहुनु, अनुसन्धान र खोज जस्ता विषयहरू प्रति त्यति चासो नदिनु, बालबालिका किन विद्यालय भर्ना हुन मान्दैनन् किन नियमित विद्यालय आउँदैनन् जस्ता कारणहरूको खोजीनीति नहुनु जस्ता समस्याले गर्दा बालबालिकाले बीचैमा विद्यालय छाडी प्राथमिक शिक्षाको पहुँच सम्म पनि कायम हुन सक्दैन भन्ने कुरा उल्लेख गर्नु भएको छ ।

दशौं योजना, (२०५९–२०६४) को अनुसार प्राथमिक तहको खुद भर्नादर ९०% पुऱ्याउने, महिला शिक्षिकाको अनुपात ३०% पुऱ्याउने, प्रतिवर्ष ४ लाख ५० हजार बालबालिकालाई पौष्टिक आहार उपलब्ध गराउने, महिला र पिछडिएका वर्ग (दलित, जनजाति, सुकुम्बासी तथा अपाङ्ग महिला) का बालबालिकाहरूलाई छात्रवृत्ति दिने । सन् २०१५ सम्ममा सबैका लागि शिक्षा भन्ने श्री ५ को सरकारको घोषित नीति तथा अन्तर्राष्ट्रिय रूपमा गरिएको प्रतिवेद्धता अनुरूप प्राथमिक तहलाई अनिवार्य गर्ने कार्यक्रमलाई क्रमिक रूपमा कार्यन्वयन गर्दै लैजाने र तदनुसार संस्थागत व्यवस्थापकिय एवम् भौतिक आधारहरूमा सुधार गर्ने । अभिभावकहरूको सचेतना कार्यक्रमसँग आवद्धगरी स्थानिय निकायहरूको सहभागितामा बालविकास केन्द्रहरू स्थापना गर्ने र सामुदायिक विद्यालयहरूमा स्थानिय स्रोतबाट एक वर्ष पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहित गर्ने विभिन्न जातजातिमा भाषिक समुहहरूको शिक्षामा सबै तह र कार्यक्रमका क्षेत्र, जात,

लिङ्ग एवम् पिछडिएका समुदायको सामाजिक, आर्थिक स्थितिका आधारमा शिक्षाको पहुँच पुऱ्याउने जस्ता विभिन्न कार्यक्रमहरू दशौं योजनामा समेटीएको छ ।

सुकुम्बासी समस्या समाधान आयोग, (२०६६) को अनुसार गोपालमणी गौतमको अध्यक्षतामा मिति २०६६/०८/२४ गते वसेको १५ सदस्सीय आयोगद्धारा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशको प्रयोजनको लागि "सुकुम्बासी" शब्दको परिभाषा यसरी कायम गरिएको छ : "सुकुम्बासी भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल भित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जनको लागि कुनै व्यापार–व्यवसाय नभएको र कृषि सम्बन्धि श्रमगरी गुजारा चलाएको घर वा जग्गा विहिन नेपाली नागरिक वा निज प्रति आस्रित परिवारलाई सम्झनु पर्दछ" ।

अन्तरिम योजना, (२०६४–२०६७) को अनुसार प्राथमिक तहको खुद भर्नादर ९६ प्रतिशत पुऱ्याउने, प्राथमिक तहमा छात्राको प्रतिशत ५० पुऱ्याउने, दलित छात्रालाई छात्रवृत्ति दिने जस्ता नीतिहरू छन् । महिला, दलित, आदिवासी, जनजाति, सरकारी संस्था, स्थानिय निकाय, विद्यालय तथा अपाङ्ग हुन्छ । प्रभावित वर्गलाई लक्षितगरी गैरसरकारी संस्था, स्थानिय निकाय, विद्यालय तथा निजी क्षेत्रको संलग्नतामा साक्षरता कार्यक्रम सञ्चालन गर्ने । भर्नादर बढाउन तथा विद्यालय छोड्ने दर घटाउन, पछाडि परेका समुदायलाई छात्रवृत्ति, दिवा खाजा, खाने तेल जस्ता सहुलियत एकिकृत सञ्जाल मार्फत व्यवस्थित रूपमा वितरण गर्ने । बालबालिकाहरूलाई मातृभाषाको माध्यमबाट शिक्षा दिनुका साथै शिक्षामा ऋय भाषिक नीति अबलम्बन गरिने । आधारभूत शिक्षा अनिवार्य गराउन केन्द्रदेखि स्थानिय स्तरसम्म सञ्जाल स्थापना गर्ने जस्ता विभिन्न कार्यक्रमहरू अन्तरिम योजनामा समेटिएको छ ।


चौधरी, (२०६५) का अनुसार उपरोक्त विषयमा स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययनरत बरुणकुमार चौधरीज्यूले मिति २०६५ भाद्र ३० गते यो शोधपत्र प्रस्तुत गर्नुभएको थियो । त्रि.वि.वि. शिक्षा शास्त्र संकाय अर्न्तगत शैक्षिक योजना तथा ब्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि यो शोधकार्य गर्नुभएको हो । यो शोधकार्यमा शोधार्थीले पिपरा श्रोत केन्द्र महोत्तरीका प्राथमिक तहमा अध्ययन गर्ने मधेशी दलित विद्यार्थीहरूले तह पूरा नगरी बीचैमा विद्यालय छाड्नुका कारणहरू के कस्ता रहेछन् भनी विश्लेषणात्मक अध्ययन गर्नुभएको छ । अध्याय १ देखि अध्याय ५ सम्म लेखिएको यस शोधकार्यमा विभिन्न प्रश्नावली, सर्वेक्षण फारम, अन्तर्वाता,

छलफल आदिको माध्यमबाट प्राथमिक तहमा अध्ययन गर्ने मधेशी दलित बालालिकाले बीचैमा कक्षा छाड्ने अवस्थाको व्याख्या–विश्लेषण गर्नुभएको छ ।

यस शोधकार्यमा बीचैमा विद्यालय छाड्ने प्राथमिक तहका मधेशी दलित बालबालिकाले भोग्नुपरेका समस्याहरूलाई चिरफार गर्नुभएको छ । मधेशी दलित समुदायमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, उनीहरूसँग समान व्यवहार गर्ने, उनीहरूको सहभागिता वृद्धि गर्न छात्रवृत्ति तथा निशुल्क शिक्षा सञ्चालन गर्ने, मधेशी दलित अभिभावकका लागि आय–आर्जन र सीपमूलक तालिम सञ्चालन गर्ने बालकेन्द्र र शिशुस्याहार केन्द्र स्थापना गर्ने, जिल्ला शिक्षा कार्यलयले विशेष कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्ने र जातिय विभेदीकरण अन्त्य गर्ने जस्ता कार्यक्रमहरू गरी मधेशी दलित समुदायलाई माथि उठाउने सुझाव समेत प्रस्तुत गर्नुभएको छ ।

## २.२ सैद्धान्तिक खाका

Maslow (सं. १९४३) का अनुसार मानिसमा प्रसस्त इच्छा, आवश्यकता र चाहना हुन्छन्, त्यसको परिपूर्ति पश्चात पनि अन्य थप इच्छा, आवश्यकता र चाहना भइरहन्छन् । मानिसका कुनै चाहना पूरा हुन्छन् तर चाहना र आवश्यकताको पूर्णता भने कहिल्यै हुँदैन । यसरी एक तहको आवश्यकता पूरा हुनासाथ तुरुन्त अर्को तहको आवश्यकताको महसुस हुन्छ । उनको सिद्धान्तमा मानिसलाई काममा उत्प्रेरित गर्ने उनीहरूका आवश्यकता हो भन्ने चिन्तन पाइन्छ । मानिस असन्तुष्ट प्राणी हो Maslow को Motivation theory ले सर्वप्रथम गाँस, वास र कपासको आवश्यकताको महसुस गरेकोले र विद्यालयमा पठन–पाठनरत बालबालिकामा अधिकांश बालबालिका गरिबी, कापि कलमको समेत अभाव, समयमा खान नपाउने जस्ता समस्याहरूले गर्दा विद्यालयमा भर्ना नहुने, भइहालेपनि बीचैमा कक्षा छाड्ने दरमा वृद्धि भएकोले प्रस्तुत अध्ययनले यस सिद्धान्तसँग मेल खाएको पाइन्छ ।




(कोइराला तथा अन्य, २०५७ मा

यसरी हेर्दा मानिसको आधारभूत आवश्यकताको परिपूर्ति नभएसम्म अन्य तहको आवश्यकता महसुस नहुने कुरा स्पष्ट हुन्छ । त्यसैले यस अध्ययनमा सुकुम्बासी परिवारको पहिलो आवश्यकता मजदुरी गर्ने र विहान वेलुकाको गाँस टार्ने समस्या देखिएकोले प्रस्तुत अध्ययनसँग यस सिद्धान्तले मेल खाएको पाइन्छ ।

Karl Marx (1818-1883) का अनुसार उत्पादन सम्बन्धले द्वन्द्वको सृजना गराउँछ । सामन्वादी वर्गले पसिना नचुहाएर सर्वहारको कमाइ हडप्न खोजेमा दुई वर्ग बीचमा द्वन्द्व अवश्यपनि उत्पन्न हुन्छ । सर्वहारा न्याय पाउन आन्दोलन चर्काउछ भने सामन्तीले अन्यायलाई कायम राख्न निहु खोज्ने गर्दछ । उत्पादन सम्बन्ध न्यायपूर्ण भयो भने द्वन्द्वको स्थिति कम हुन्छ । सम्बन्ध अन्यायमा आधारित भयोभने द्वन्द्व झनझन चर्कने गर्दछ (वाग्ले र कार्की, २०५९ मा उदृत) ।

उपरोक्त कुराहरूबाट यो प्रस्ट हुन्छ कि द्वन्द्व एक महान समस्या हो । उच्च आय वर्ग र न्यून आय वर्ग बीच ठूलो खाडल रहेको हुन्छ । यस्तो खाडलको कारण द्वन्द्व सिर्जना हुने गर्दछ । कसैको धनमाथि धन र कसैको ऋण माथि ऋण हुने प्रचलनले मानवीय व्यवहारलाई परिवर्तन गर्दछ । दलित, सुकुम्बासी जस्ता न्यून आय भएका वर्गहरूले दिनभरी काममा जोतिएपनि भोकै वस्नुपर्ने, आधा पेटमात्रै खानुपर्ने वाध्यता छ भने उच्च आयवर्गले ऐस आराम, सुख–सुविधा एवम् भोग विलासमा दिन विताइरहेका हुन्छन् । शिक्षाको सन्दर्भमा पनि उच्च वर्गका मानिसहरू उच्चकोटीका विद्यालयमा पढ्ने र दलित, सुकुम्बासी, जनजाति आदिका छोराछोरीमा प्राथमिक शिक्षाको पहुँच सम्म हुन नसक्नु बिडम्बनाको कुरा हुन आउँछ । यस्ता सुविधा विहिन वर्गलाई सरकारले विशेष चासोका साथ हेर्नु पर्दछ । दलित, सुकुम्बासी जस्ता पिछडिएका वर्गले जवसम्म शिक्षाको अवसर प्राप्त गर्न सक्दैनन् तबसम्म उनीहरूको जीवनस्तर माथि उठ्न सक्दैन । जसले गर्दा वर्गिय विभेद पनि कायमै रहन्छ । त्यसैले यस्ता दलित, सुकुम्बासी जस्ता निम्न आयवर्गका बालबालिकाले शिक्षा हासिल गर्न नसक्नाका कारणहरू, शिक्षामा देखिएका समस्याहरू, उनीहरू विद्यालय नजानु, नपठाउनु वा बीचैमा छोड्नुका कारणहरू पत्ता लगाई उनीहरूको शैक्षिक सहभागितामा वृद्धि गर्नु जस्तो कार्य समयसापेक्ष एवम् सान्दर्भिक ठहर्छ ।

## २.३ शैक्षिक उपादेयता

प्राथमिक तहका विद्यार्थीहरूले नियमित रूपमा विद्यालयमा उपस्थित नहुने, विद्यालयमा भर्ना नै नहुने, भर्ना भएपनि बीचैमा विद्यालय छाडिदिने गर्नाले पढाइ पूरा नहुने, उर्तीण दरमा कमी आउने, बालबालिकाले माथिल्लो अङ्क नल्याउने र पाठ्यक्रम तथा पाठ्यपुस्तकले राखेको उद्देश्य पूरा हुन नसकी विद्यालयले बनाएको योजना नै भताभुङ्ग हुनजाने उल्लेख गरिएकोले उल्लेखित लेखक एवम् विद्वानहरूको विचारहरूको आधारमा गरिएको अध्ययन हो । यस अध्ययनले विद्यालयका सरोकारवालाहरूको आफ्ना बालबालिका र विद्यालय प्रति चासो बढ्ने, अभिभावकहरूले बालबालिकालाई नियमित विद्यालय पठाउन कोशिश गर्ने, विद्यालयका प्र.अ., शिक्षक, ब्यवस्थापन समितिलाई बीचैमा बालबालिकाले कक्षा छोड्दा हुने नोक्सानीका वारेमा थाहा भई त्यसको सुधारको बाटोमा वढी से बढी ध्यान जाने भएकोले र खासगरी शैक्षिक, गुणस्तरको बाटोमा महत्त्वपूर्ण सहयोग पुग्नजाने भएकोले यो अध्ययन गरिएको हो । यस अध्ययनले अभिभावकका लागि आफ्ना नानीहरूलाई विद्यालय नियमित पठाउन, उनीहरूलाई स्वालम्बी र दक्ष बनाउन सहयोग पुऱ्याउने देखिन्छ । वि.ब्य.स. र शि.अ.सं. जस्ता आधिकारीक अनुगमन, निरिक्षण गर्ने निकायहरूलाई आफ्ना विद्यालयका बालबालिकाको स्तर अवस्था, उर्तीण दर, कक्षा दोहोऱ्याउने दर, कक्षा छोड्ने दर, नियमितता लगायतका अवस्थाहरूको समेत जानकारी हुनगई समयमै त्यसको नियन्त्रण रेखदेख गर्नमा सहयोग पुग्ने देखिन्छ । साथै यो अध्ययनले बालबालिका किन विद्यालयमा भर्ना हुँदैनन् ? किन नियमित विद्यालय जाँदैनन् ? उनीहरूले बीचैमा पढाइ किन छाड्छन् ? जस्ता समस्याहरूको समाधानका उपायहरू प्रस्तुत गर्न, अनुसन्धान एवम् खोजीनीति गर्न महत्त्वपूर्ण सहयोग पुग्नेछ ।

यस अध्ययनले अनुसन्धान, लेखन, समस्या समाधान एवम् खोजीनीति गर्न कार्यका लागि महत्त्वपूर्ण सहयोग पुग्नेछ । गरीब, सुकुम्बासी बालबालिकाले विद्यालयमा भर्ना नहुनु, भएपनि बीचैमा कक्षा छाड्नु अर्थात उनीहरूमा प्राथमिक शिक्षाको पहुँच कायम हुन नसक्नु विडम्वनाको कुरा हुन आउँछ । यस्तो समसामयिक विषयमा गरिएको अध्ययनले अन्य अनुशन्धानकर्ताहरूलाई समेत आवश्यक सुचनाहरू उपलब्ध गराई सहयोग पुऱ्याउने देखिन्छ

# परिच्छेद : तीन

## अनुसन्धान विधि

### ३.१ अनुसन्धानात्मक ढाँचा

प्रस्तुत अध्ययनमा सूचनाहरूलाई सङ्ख्यात्मक ढङ्गबाट प्रस्तुत गरी वर्णनात्मक पद्धतिको अनुशरणगरी ब्याख्या एवम् विश्लेषण गरिएको छ ।

### ३.२ तथ्याङ्क सङ्कलन प्रकृया

### ३.२.१ नमूना जनसङ्ख्या

प्रस्तुत शोधकार्य सुनसरी जिल्लाको इटहरी नगरपालिका वार्ड नं. ५ जनता सुकुम्बासी वस्तीका प्राथमिक विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँचको अध्ययनसंग सम्बन्धित छ । यस वस्तीमा जम्मा १४९२ वटा घरधुरीमा ८,००० जनसङ्ख्या बसोबास गर्दै आइरहेका छन् । उक्त घरधूरीबाट ५० घरधुरीलाई नमूना छनौटको रूपमा राखिएको छ । छनोट गरिएका घरका अभिभावक, बालबालिका एवम् अन्य सम्बन्धित व्यक्तहरूसंग छलफल, प्रश्नावली, अर्न्तवार्ता, सहभागितामूलक अवलोकन आदिको आधारमा अध्ययनलाई पूर्णता दिइएको छ ।

### ३.२.२ नमूनाको आकार

यस अध्ययनमा ५० वटा घरधुरीका ५० जना अभिभावक, २० जना विद्यालय गएका बालबालिका, २० जना विद्यालय नगएका बालबालिका, २० जना बीचैमा कक्षा छोडेका बालबालिका गरी ६० जना बालबालिका, प्र.अ. ४ जना, शिक्षक १० जना, विद्यालय ४ वटा, अन्य सम्बन्धित ब्यक्तिहरू ५ जनालाई नमूनाको रूपमा छनोट गरी अध्ययनलाई पूर्णता दिइएको छ ।

तालिका १ : नमूना  छनोटको आकार

| क.सं. | विवरण | सङ्ख्या |
|---|---|---|
| १. | सुकुम्बासी बालबालिकाका अभिभावक | ५० |
| २. | सुकुम्बासी बालबालिका (विद्यालय गएका, नगएका र बीचैमा छोडेका | ६० |
| ३. | प्र.अ. | ४ |
| ४. | शिक्षक | १० |
| ५. | विद्यालय | ४ |
| ६. | अन्य सम्बन्धित व्यक्तिहरू | ५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

### ३.२.३ नमूना छनोट विधि

प्रस्तुत अध्ययनमा उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोगगरी प्राप्त तथ्याङ्कको अनुसन्धान गरिएको छ ।

### ३.२.४ नमूना छनोटको आधार

समय, स्रोत र साधन जस्ता अत्यावश्यक पक्षहरूको सिमितता, यातायातको सुविधा, सुकुम्बासी बालबालिकाको वाहुल्यतालाई ध्यानमा राखी इटहरी नगरपालिका वार्ड नं. ५ जनता सुकुम्बासी वस्तीमा अवस्थित ५० घर, उक्त ५० घरका ५० अभिभावक, ६० विद्यार्थी, ४ प्र.अ., ४ विद्यालय, १० शिक्षक र अन्य ५ वाट नमूना छनोट गरिएको छ ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलनका लागि निम्नानुसारका साधनहरूको उपयोग गरिने छ ।

**क) प्रश्नावली**

यस शोधकार्यलाई सुकुम्बासी बालबालिका, तिनका अभिभावक, शिक्षक आदि समक्ष अन्तवार्ता प्रश्नावली निर्माण गरी उनीहरू स्वयम्बाट भराइएको छ ।

**ख) अन्तर्वाता तालिका**

सम्बन्धित व्यक्तिलाई अन्तर्वाता  तालिका भर्न लगाएर उनीहरूका राय, सुझाव, विचारहरू संकलन गरिएको छ ।

**ग) स्थलगत सर्वेक्षण**

सुकुम्बासी वस्ती भित्रको स्थलगत सर्वेक्षण, विद्यालयको स्थलगत सर्वेक्षण गरी तथ्याङ्कहरू, राय सुझावहरू सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोतहरू

अनुसन्धान कार्यका लागि आवश्यक पर्ने तथ्याङ्कका स्रोतहरू प्राथमिक र सहायक गरी २ वटा स्रोतबाट तथ्याङ्क सङ्कलन गरिने छ ।

**क) प्राथमिक स्रोत**

तथ्याङ्कको प्राथमिक स्रोतको रूपमा अन्तर्वार्ता, प्रश्नावली फारम र स्थलगत सर्वेक्षणबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

**ख) सहायक स्रोत**

तथ्याङ्कको सहायक स्रोतको रूपमा विद्यालय तथा सम्बन्धित व्यक्तिहरूसंग भएका तथ्याङ्क, अनुसन्धानात्मक लेख, रचना, स्मारीका, पुस्तकहरू, प्रतिवेदनहरू, पत्र–पत्रिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कहरूको प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्कको प्रस्तुती, विश्लेषण र ब्याख्या

अध्ययनको क्रममा स्थलगत सर्वेक्षण प्रत्यक्ष भेटघाट, प्रश्नावली, छलफल आदिको माध्यमबाट प्राप्त गरीएका सूचना तथा तथ्याङ्कहरूलाई गुणात्मक विधि अपनाई ब्याख्या, विश्लेषण गरिएको छ । अध्ययनसंग सम्बन्धित सूचना तथा तथ्याङ्कहरूलाई अवश्यकता अनुसार ग्राफ, चार्ट, तालिका, स्तम्भ चित्र, वृत्त चित्रहरूको समेत प्रयोग गरी विश्लेषण गरिएको छ ।

अनुसन्धानबाट प्राप्त रेकर्ड, तथ्याङ्क आदिलाई Table, Graph, Chart, Percentage ratio को प्रयोग गरी सङ्ख्यात्मक र गुणात्मक दुईवटा स्रोतबाट तथ्याङ्कको प्रस्तुती एवम् ब्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद : चार

# तथ्याङ्कको विश्लेषण र ब्याख्या

## ४.१ सुकुम्बासी बालबालिकाको प्राथमिक तहमा सहभागिता

यस भागमा सरोकारवालाहरू सँग गरिएको अन्तर्वाता, प्रश्नावली, प्रत्यक्ष भेटघाट, स्थलगत सर्वेक्षण आदिबाट प्राप्त विवरणहरूको विश्लेषण र ब्याख्या निम्न अनुसार गरिएको छ ।

सुनसरी जिल्लाको इटहरी न.पा. वार्ड नं. ५ मा अवस्थित जनता सुकुम्बासी वस्ती पिछडिएको वस्ती भित्र पर्दछ । सम्पूर्ण जाति मिश्रित यस वस्तीमा गरिबी र विपन्नताले ग्रासित पारेको छ । आर्थिक तथा सामाजिक हिसाबले पछाडी परेको क्षेत्र भएकोले बालबालिका किन विद्यालयमा भर्ना हुँदैनन् ? किन नियमित विद्यालय जाँदैनन् ? किन, कसरी विद्यालय छाड्छन् ? भन्ने सेरोफेरोमा रही यो अध्ययन गरिएको छ । यस अध्ययनको उद्देश्य परिपूर्तिका लागि विभिन्न साधनहरूको प्रयोगगरी प्राप्त भएका सत्य तथ्य तथ्याङकहरूलाई विभिन्न उपशीर्षकमा विभाजनगरी प्रस्तुती ब्याख्या विश्लेषण गरिएको छ ।

बालबालिकाहरू प्राथमिक शिक्षाको पहुँच बाहिर हुने कारणहरूमा शैक्षिक कारण, आर्थिक कारण, व्यक्तिगत कारण, घरायसी कारण, लैङ्गिक कारण आदि देखिन्छन् । विद्यालयमा निशुल्क शिक्षा नपाइनु, पढाइ राम्रो नहुनु, प्र्याप्त मात्रामा महिला शिक्षकको ब्यवस्था नहुनु, परीक्षा दिने अवसर नपाउनु, शिक्षकबाट राम्रो ब्यवहार नपाउनु जस्ता शैक्षिक कारणहरू देखिन्छन् भने विद्यालयले लिने भर्ना शुल्क, परीक्षा शुल्क, कापी-किताब दिन नसक्नु, आर्थिक कारण अर्न्तगत पर्दछ । त्यसैगरी विभिन्न दुर्घटनाबाट अपाङ्ग हुनु, अभिभावक नहुनु, साथी संगतको कुलतमा पर्नु, सानैमा विवाह हुनु, घरको काम गर्नुपर्ने वाध्यता हुनु जस्ता विविध समस्याका कारणले बालबालिकाहरू विद्यालयमा भर्ना नै नहुने, कतिपयलाई वावुआमाले नपठाउने, विद्यालय गएपनि नियमित नजाने र बीचैमा कक्षा छोड्ने गरेको देखिन्छ ।


तालिका २ अध्ययन क्षेत्रको प्राथमिक तहको विद्यार्थी विवरण

| कक्षा | कूल भर्ना | | परीक्षामा सम्मिलित | | कक्षा छाड्ने | |
|---|---|---|---|---|---|---|
| | २०६५ | २०६६ | २०६५ | २०६६ | २०६५ | २०६६ |
| १ | ४२० | ४६० | ३५० | ३९५ | ७० | ६५ |
| २ | ३६० | ३८० | ३०२ | ३१५ | ५८ | ६५ |
| ३ | ३०२ | ३०८ | २८० | २९५ | २२ | १३ |
| ४ | २९० | २९८ | २०५ | २०७ | ८५ | ९१ |
| ५ | २०३ | २१५ | १९७ | २०१ | ६ | १४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका २ लाई अध्ययन गर्ने हो भने बालबालिकाहरूको विद्यालय भर्नामा बढ्दो अवस्था रहेको पाइयो । २०६५ सालको भन्दा २०६६ सालको विद्यार्थी सङ्ख्या कक्षा १,२,३,४,५ मा क्रमश : ४०, २०, ६, ८, १२ ले वृद्धि भएको पाइयो । त्यसैगरी परीक्षामा सम्मिलित हुने विद्यार्थीहरूमा कक्षागत रूपमा ४५, १३, १५, २, ४ ले वृद्धि भएको पाइयो । कक्षा छाड्ने अवस्था हेर्दा २०६५ मा भन्दा २०६६ मा कक्षा १ मा ५ जनाले कम कक्षा छोडेको पाइयो । कक्षा २ मा ७ जनाले बढी कक्षा छोडेको पाइयो । कक्षा ३ मा ९ जनाले कम, कक्षा ४ मा ६ जनाले वढी र कक्षा ५ मा ८ जनाले वढी कक्षा छोडेको पाइयो । यसलाई देहायको तालिकामा समेत देखाइएको छ ।

चित्र : १ अध्ययन क्षेत्रको प्राथमिक तहको विद्यार्थी विवरण २०६५



प्रस्तुत स्तम्भ चित्रको आधारमा कक्षा १, ३ मा कक्षा छोड्ने दर घट्नु सकारात्मक पक्ष हो तर कक्षा २, ४ र ५ मा कक्षा छोड्ने विद्यार्थी २०६४ को भन्दा २०६५ मा बढेको पाइयो । यसरी विद्यालय भर्नामा आएको ह्रास र कक्षा छोड्ने दरमा आएको वृद्धिले सबैलाई सचेत हुनुपर्ने अवस्थाको सृजना भएको छ । गरीब तथा सुकुम्बासी वर्गलाई शिक्षाको मूलधारमा ल्याउने शिक्षाको राष्ट्रिय उद्देश्यलाई चुनौती दिएको छ । ग्रामिण साक्षरता कार्यक्रमलाई अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ । बालबालिकाको भर्नादरलाई बढाउन दशौं योजनाको लक्षित कार्यक्रम अनुसार भर्ना अभियान कार्यक्रमलाई प्रभावकारी रूपमा लागु गर्नुपर्ने देखिन्छ ।

तालिका ३ परिवारको किसिम अनुसार विद्यालयमा सहभागिताको स्थिति

| **क.सं.** | **परिवारको किसिम** | **नमुना घर सङ्ख्या** | **जम्मा बालबालिकाको सङ्ख्या** | **विद्यालय जाने बालबालिकाको सङ्ख्या** |
|---|---|---|---|---|
| १ | एकात्मक परिवार | ४४ (८८%) | ८७ | ६७ (७७%) |
| २ | संयुक्त परिवार | ६ (१२%) | ७ | ४ (५७%) |
| | जम्मा | ५० (१००%) | ९४ | ७१ (७५%) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका ३ अनुसार नमुनामा परेका कुल ५० घर मध्ये एकात्मक परिवारका ४४ घर र संयुक्त परिवारका ६ घर रहेका छन् । एकात्मक परिवारका ८७ जना बालबालिकामा ६७ जना विद्यालय गएको पाइयो भने संयुक्त परिवारका ७ जना बालबालिकामा ४ जना विद्यालय गएको पाइयो । यसरी हेर्दा संयुक्त परिवारका भन्दा एकात्मक परिवारका बालबालिकाहरू वढी मात्रामा विद्यालय गएको पाइयो ।

## ४.१.१ जाति अनुसार सुकुम्बासी बालबालिकाको शिक्षामा संलग्नता

सुकुम्बासी वस्तीमा देशको सबै ठाउँबाट मानिसहरू आएर वसोवास गरेका हुँनाले यहाँ बाहुन, क्षेत्री, जनजाती, दलित जातिका मानिसहरू पाइयो । सुकुम्बासी वस्तीमा सबैभन्दा बढी ५०% दलित जातिका मानिसहरूको वसोवास भएको पाइयो भने सबैभन्दा कम बाहुन क्षेत्रीहरूको वसोवास रहेको पाइयो ।

तालिका ४ जाति अनुसार सुकुम्बासी बालबालिकाको शिक्षामा संलग्नता

| क.सं. | जातिगत विवरण | घरधुरी सङ्ख्या | प्रा.वि. उमेरका बालबालिकाको सङ्ख्या | विद्याय जाने बालबालिकाको सङ्ख्या |
|---|---|---|---|---|
| १. | बाहुन, क्षेत्री | ४ | ६ | ६ |
| २. | जनजाति (तामाङ, लिम्बु, राई आीद) | २१ | ३६ | ३२ |
| ३. | दलित जाति (मेचे, मुसहर गुन्नाइ आदि) | २५ | ५१ | २३ |
| | **जम्मा** | **५०** | **९४** | **७१** |

स्रोत : स्थलगत सर्वेक्षण २०६७

तालिका ४ को अध्ययन गर्दा बाहुन, क्षेत्री परिवारका ६ जना बालबालिका सुकुम्बासी वस्तीका भएपनि तिनीहरू सबै नै विद्यालय गएको पाइयो । त्यसैगरी जनजाति परिवारका ३७ जना विद्यालय गइरहेको पाइयो । तर दलित जातिका ५१ जना बालबालिका मध्ये ३३ जना बालबालिका मात्र विद्यालय गएको पाइयो । जातिगत रूपमा हेर्दा सबैभन्दा बढी बाहुन, क्षेत्री परिवारका बालबालिका विद्यालय भर्ना भएको पाइयो भने सबैभन्दा कम दलित जातिका बालबालिका विद्यालय भर्ना भएको पाइयो । यसको कारणमा खासगरी दलित जातिहरू कममात्र शिक्षित, धेरैले कृषि, ज्यामी, मजदूरी गर्ने त्यसका साथै अत्याधिक मदिरा सेवनको कारण अर्थिक समस्या, शिक्षाको अभावका कारण विद्यालय पठाउनु पर्छ भन्ने कुराको ज्ञान पूर्ण रूपमा नभई आफ्ना छोराछोरीलाई कम मात्रामा मात्र विद्यालय पठाउने गरेको पाइन्छ ।

## ४.१.२ अभिभावकको साक्षरताको आधारमा बालबालिकाको विद्यालय भर्ना

यो अध्ययनमा साक्षर भन्नाले पत्रीका पढ्न र आफ्नो नाम सम्म लेख्नेलाई राखीएको छ । यहाँ अभिभावकको साक्षरता भन्नाले सुकुम्बासी बालबालिकाका आमावावुको साक्षरता मात्र हेरिएको छ । यसमा पनि आमावावु दुवै साक्षर, दुवै निरक्षर, वावुमात्र साक्षर र आमामात्र साक्षर गरी चार समुहमा विभाजन गरी उनीहरूको बालबालिकाको विद्यालयमा भर्ना हेरिएको छ ।


तालिका ५ अभिभावकको साक्षरताको आधारमा बालबालिकाको विद्यालय भर्ना

| **क.सं.** | **साक्षरता स्थिति** | **घरधुरी सङ्ख्या** | **प्रा.वि. उमेरका बालबालिकाको सङ्ख्या** | **विद्याय जाने बालबालिकाको सङ्ख्या** |
|---|---|---|---|---|
| १. | दुवै साक्षर | २९ | ५५ | ४५ |
| २. | दुवै निरक्षर | १२ | २५ | १४ |
| ३. | वावुमात्र साक्षर | ७ | १२ | १० |
| ४. | आमामात्र साक्षर | २ | २ | २ |
| | **जम्मा** | **५०** | **९४** | **७१** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकामा वावुआमा दुवै साक्षर हुने २९ घरपरिवारको प्रा.वि. उमेरका बालबालिका ५५ जना छन् र ती मध्ये ४५ जना बालबालिका विद्यालय गईरहेको पाइयो । त्यसैगरी वावुआमा दुवैजना निरक्षर १२ परिवारका प्रा.वि. उमेरका २५ जना बालबालिकामध्ये १४ जना बालबालिका मात्र विद्यालय गएको पाइयो । त्यस्तै वावुमात्र साक्षर भएको ७ परिवारमा प्रा.वि. उमेरका १२ जना बालबालिकामध्ये १० जना बालबालिका विद्यालय गएको पाइयो भने आमामात्र साक्षर २ परिवारमा भएका प्रा.वि. उमेरका २ जना बालबालिकामध्ये शतप्रतिशत नै विद्यालय गएको पाइयो ।

चित्र २ अभिभावकको साक्षरताको आधारमा बालबालिकाको विद्यालय भर्ना



### ४.१.३ सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको शिक्षामा संलग्नता

तालिका ६ मा अभिभावकको पेशा अनुसार बालबालिकाको विद्यालय संलग्नतालाई देखाइएको छ । परिवारको जिम्मेवार व्यक्ति जसको कमाइ नै परिवारको मुख्य आम्दानीको श्रोत हो । तलको तालिकामा घरमुलीको पेशामा नोकरी भन्नाले सेना, प्रहरी, सरकारी वा निजी कम्पनीहरूको कर्मचारी त्यसैगरी विदेश गएका भन्नाले वैदेशिक रोजगारी भएका, पेशा–व्यवसाय भन्नाले कुनै पसल, कुखुरा पालन, वंगुरपालन आदि कृषि भन्नाले कृषि मजदुर, अर्काको खेत अधिया कमाउने, मेला, पर्म गर्ने, वन्धकिमा कमाउने आदिलाई लिइएको छ । त्यस्तै ज्याला मजदुरी भन्नाले घर बनाउने, ढुङ्गा कुट्ने बस, ट्रक चलाउने, ज्यामि काम गर्ने, काठको काम गर्ने जसको मासिक आम्दानी नभइ दैनिक आम्दानी हुन्छ । त्यस्तालाई लिइएको छ । यसरी पेशालाई मुख्यगरी ५ भागमा वर्गीकरण गरिएको छ ।

तालिका ६ सुकुम्बासी अभिभावकको पेशा अनुसार बालबालिकाको शिक्षामा संलग्नता

| **क.सं.** | **घरधुरी पेशा** | **अभिभावक सङ्ख्या** | **प्रा.वि. उमेरका बालबालिकाको सङ्ख्या** | **विद्याय जाने बालबालिकाको सङ्ख्या** |
|---|---|---|---|---|
| १. | नोकरी | ४ | ६ | ६ |
| २. | विदेश | ४ | ५ | ५ |
| ३. | ब्यापार/ब्यवसाय | ६ | ९ | ८ |
| ४. | कृषि | ६ | १४ | १२ |
| ५. | ज्याला मजदुरी | २९ | ६० | ४० |
| | **जम्मा** | **५०** | **९४** | **७१** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार ५० घरपरिवारमध्ये नोकरी पेशा भएको ४ घरपरिवारका प्रा.वि. उमेरका ६ जना बालबालिकामध्ये सबै (१००%) विद्यालय गईरहेको पाइयो । त्यसरी नै अभिभावक वैदेशिक रोजगारीमा गएका ४ घरपरिवारका प्रा.वि. उमेरका ५ जना बालबालिकामा ५ जना नै (१००%) विद्यालय गईरहेको पाइयो । सुकुम्बासी वस्तीमा ब्यापार-ब्यवसायलाई आमदानीको स्रोत बनाउने छ । घर परिवारका प्रा.वि. उमेरका ९ जना बालबालिकामध्ये ८ जना (८८%) बालबालिका विद्यालय गईरहेको पाइयो । कृषि पेशामा संलग्न ७ सुकुम्बासी परिवारमा प्रा.वि. उमेरका १४ जना बालबालिकामध्ये १२ जना (८५ प्रतिशत) बालबालिका विद्यालय गईरहेको पाइयो । तर ज्याला मजदुरी गर्ने २९ परिवारका

६० जना प्रा.वि. उमेरका बालबालिकामध्ये जम्मा ४० जना (६६%) बालबालिका मात्र विद्यालय गईरहेको पाइयो ।

तुलनात्मक रूपमा हेर्दा नोकरी गर्ने र विदेश जाने अभिभावकका बालबालिका सतप्रतिशत नै प्राथमिक विद्यालय गएको पाइयो । त्यसैगरी यो अध्ययनमा ब्यापार-ब्यवसाय गर्ने कृषि पेशा गर्ने परिवारका बालबालिकाको विद्यालय पठाउने स्तर पनि राम्रो पाइयो तर नमूनामा परेका सबैभन्दा धेरै घरपरिवारको पेशा ज्याला मजदुरी रहेको र यस्ता परिवारका बालबालिका सबैभन्दा कम ४० जना मात्र विद्यालय गईरहेको पाइयो । यसको कारणमा ज्याला मजदुरी गर्ने परिवारको पेशा पनि स्थायी नहुने, आम्दानी पनि कम हुने र यिनीहरू धेरै अशिक्षित भएकोले धेरै परिवारले आफ्ना छोराछोरीलाई विद्यालय नपठाएको पाइयो ।

## ४.२ सुकुम्बासी वालवालिका विद्यालयमा भर्ना नहुने कारणहरू

सुकुम्बासी बालबालिका विद्यालय नजाने कारणहरू सम्बन्धमा शिक्षक तथा प्र.अ. को धारणा सुकुम्बासी विद्यार्थीहरूको धारणा तथा सुकुम्बासी बालबालिकाका अभिभावकको धारणालाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.२ क) शिक्षक तथा प्र.अ. को धारणा

यस जनता सुकुम्बासी वस्तीमा रहेका चारवटा विद्यालयहरू रत्न नि.मा.वि., सरस्वती प्रा.वि., रक्तमाला प्रा.वि., सिद्ध प्रा.वि. का चारजना प्र.अ. तथा १० जना शिक्षकहरूले आ-आफ्ना विद्यालयमा अध्ययन गर्ने प्रा.वि. उमेरका सुकुम्बासी बालबालिकाहरूले बीचैमा विद्यालय छोड्ने कारणहरूको अवधारणा प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले प्रस्तुत गर्नु भएको अवधारणालाई निम्न अनुसार तालिकावद्ध गरिएको छ ।

तालिका ७ शिक्षक तथा प्र.अ. को धारणा

| क्र.सं. | कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक कारण | ६ | ४२.८५ |
| २. | शै.सा. को अपर्याप्तता | १ | १४.२८ |
| ३. | बारम्बारताको असफलता | १ | ७.१४ |
| ४. | सामाजिक कारण | १ | ७.१४ |
| ५. | चेतनाको कमी | १ | ७.१४ |
| ६. | शिक्षकको भेदभावपूर्ण व्यवहार | ० | ० |
| ७. | भौतिक सुविधाको अभाव | १ | ७.१४ |
| ८. | घरायसी कारण | २ | १४.२८ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार सुकुम्बासी बालबालिकाहरूमध्ये ४२.८५% आर्थिक कारणले घरायसी कारणले १४.२८% शैक्षिक सामग्रीको अर्प्याप्तताले १४.२८% सामाजिक कारणले, ७.१४% चेतनाको कमीले, ७.१४% भौतिक सुविधाको अभावले, ७.१४% र वारम्वारताको असफलताले, ७.१४% बालबालिकाले तह पूरा नगरी बीचैमा विद्यालय छोडेको पाइयो । शिक्षकको भेदभावपूर्ण व्यवहार भने विद्यार्थीले बीचैमा कक्षा छाड्ने कारक तत्व नरहेको पुष्टि भएको छ । यसरी तुलनात्मक रूपमा हेर्दा सबैभन्दा वढी आर्थिक कारणले बालबालिकाहरूले बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ ।

## ४.२.२ सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

सुकुम्बासी वस्तीमा रहेका प्रा.वि. उमेरका बालबालिकाका अभिभावकहरूमध्ये नमूनामा परेका २० अभिभावकाट उनीहरूका छोराछोरीले विद्यालयमा भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्ने कारणहरूको सम्बन्धमा अवधारणा लिइएको थियो । जसलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका ८ सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

| क.सं. | कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक कारण | ७ | ३५ |
| २. | शै.सा. को अपर्याप्तता | २ | १० |
| ३. | बारम्बारताको असफलता | २ | १० |
| ४. | सामाजिक कारण | १ | ५ |
| ५. | चेतनाको कमी | ५ | २५ |
| ६. | शिक्षकको भेदभावपूर्ण व्यवहार | १ | ५ |
| ७. | भौतिक सुविधाको अभाव | १ | ५ |
| ८. | घरायसी कारण | १ | ५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ८ मा सुकुम्बासी विद्यार्थीहरूले कक्षा छाड्नुको कारण सम्बन्धमा अभिभावकको धारणा अनुसार ३५ प्रतिशत आर्थिक कारणले, २५ प्रतिशत चेतनाको कमिले, १०% शै.सा. को अपर्याप्तताले १०% वारम्बारताको असफलताले, ५% शिक्षाकको भेदभावपूर्ण ब्यवहारले, ५% भौतिक सुविधाको अभावले र ५% घरायसी कारणले सुकुम्बासी बालबालिकाहरूले कक्षा छाड्ने गरेको देखिन्छ । कक्षा छाड्ने विभिन्न कारणहरूलाई तुलनात्मक रूपले अध्ययन गर्दा अभिभावकहरूले पनि सबैभन्दा बढी आीर्थक त्यसपछि चेतनाको कमी जस्ता कारक तत्वहरूलाई नै प्रमुख मानेको पाइन्छ ।

## ४.२.३ सुकुम्बासी विद्यार्थीहरूको धारणा

यस जनता सुकुम्बासी वस्तीमा रहेका प्रा.वि. उमेरका बीचैमा विद्यालय छाडेका बालबालिकाहरूमा नमुनामा परेका २० बालबालिकाहरूबाट उनीहरूले बीचैमा विद्यालय छाड्नका कारणहरूको अवधारणा लिइएको थियो । जसलाई निम्न अनुसार तालिकावद्ध गरिएको छ ।

तालिका ९ सुकुम्बासी विद्यार्थीहरूको अवधारणा

| क्र.सं. | कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक कारण | ६ | ३० |
| २. | शै.सा. को अपर्याप्तता | ३ | १५ |
| ३. | बारम्बारताको असफलता | २ | १० |
| ४. | सामाजिक कारण | १ | ५ |
| ५. | चेतनाको कमी | २ | १० |
| ६. | शिक्षकको भेदभावपूर्ण व्यवहार | १ | ५ |
| ७. | भौतिक सुविधाको अभाव | ४ | २० |
| ८. | घरायसी कारण | १ | ५ |
|  | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका ९ मा स्वयम् बीचैमा कक्षा छाड्ने विद्यार्थीको भनाइ अनुसार आर्थिक कारणले ३०% चेतनाको कमीले २०% शै.सा. को अपर्याप्तताले १५% वारम्वारताको असफलताले १०% शिक्षकको भेदभावपूर्ण व्यवहारले १०% सामाजिक कारणले ५% भौतिक सुविधाको अभावले ५% र घरायसी कारणले ५% विद्यार्थीहरूले तहपुरा नगरी बीचैमा कक्षा छाड्दछन् ।

यसरी तालिका ७, ८ र ९ लाई समष्टिगत रूपमा अध्ययन गर्दा सुकुम्बासी बालबालिकाहरूले बीचैमा कक्षा छाड्नुको जिम्मेवार आर्थिक अवस्था नै रहेको पाइयो । तसर्थ उक्त वस्तीमा सवैभन्दा पहिले आर्थिक अवस्था माथि उठाउन सकिने खाल्का कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

सुकुम्बासी बालबालिकाका अभिभावक, स्वयम् बीचैमा कक्षा छोड्ने विद्यार्थीको अवधारणा अनुसार चेतनाको कमी पनि विद्यार्थीलाई बीचैमा छाड्न वाध्य पार्ने अर्को कारक तत्व हो । तसर्थ सुकुम्बासी परिवारको आर्थिक अवस्था सुधार गर्न रोजगारी र चेतना फैलाउने किसिमका विभिन्न कार्यक्रमहरू सञ्चालन गरी सञ्चार माध्यम तथा विभिन्न गैरसरकारी संस्थाहरूले उक्त वस्तीलाई  माथि उठाउनु पर्ने देखिन्छ । कोइराला (२०६६) ले

भने झैं सामाजिक कुरीतिलाई हटाउनु पर्ने देखिन्छ । अनिमात्र सामाजिक समानता कायम, चेतनाको अभिवृद्धि भएर विद्यार्थीहरूले बीचैमा कक्षा छाड्ने दरमा सुधार आउने देखिन्छ ।

विद्यालय शिक्षकको असमान व्यवहार, शै.सा. को अर्प्याप्तता, भौतिक सुविधाको अभाव पनि आंशिक रूपमा कक्षा छाड्नुको कारक तत्व रहेको उपरोक्त तालिकाहरूबाट प्रष्ट रूपमा देखिन्छ । शिक्षकहरूको भेदभावपूर्ण व्यवहारले गर्दा विद्यार्थीमा हीनतावोध उत्पन्न हुने साथै विद्यालय, शिक्षक एवम् शिक्षा प्रति नै नकारात्मक सोचको विकास हुने सम्भावना भएकोले विद्यालयमा अध्ययनरत सबै जातजाति, धर्म, वर्ण, लिङ्गका बालबालिकाहरू प्रति शिक्षकले सधै भेदभावमुक्त व्यवहार गर्दै मनोरञ्जनात्मक ढङ्गबाट अध्यापन गर्नुपर्ने देखिन्छ ।

विद्यालयमा शैक्षिक सामग्रीको पर्याप्तता तथा भौतिक सुविधाको उपयुक्त व्यवस्थापन हुन नसकेको खण्डमा गुणस्तरीय शिक्षा उपलब्ध गराउन सकिदैन । त्यसैले विद्यालय शिक्षा सँग समबन्धित, वुद्धिजीवि, सरोकारवाला सबैले सुकुम्बासी बालबालिकाहरूको वढ्दो कक्षा छाड्ने दरलाई ध्यानमा राखी आवश्यकता अनुसार भौतिक सामग्री एवम् भौतिक पक्षको व्यवस्थापनमा सहयोग पुऱ्याई, शिक्षण सिकाइका निम्ति उपयुक्त वातावरण सृजना गरी बालबालिकाहरूलाई विद्यालयमा नियमित गराउन तथा बीचैमा कक्षा छाड्नबाट रोकी तह पुरा गराउन टेवा पुऱ्याउनु पर्ने देखिन्छ ।

तालिका १० सुकुम्बासी बालबालिकाको कक्षा छाड्ने कारणको समष्टिगत विवरण

| **क्र.सं.** | **कारणहरू** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | आर्थिक कारण | २१ | ३४.४२ |
| २. | शै.सा. को अपर्याप्तता | ७ | ११.४६ |
| ३. | बारम्बारताको असफलता | ६ | ९.८ |
| ४. | सामाजिक कारण | ४ | ६.५ |
| ५. | चेतनाको कमी | ११ | १८.०३ |
| ६. | शिक्षकको भेदभावपूर्ण व्यवहार | ३ | ४.९ |
| ७. | भौतिक सुविधाको अभाव | ४ | ६.५ |
| ८. | घरायसी कारण | ५ | ८.१ |
| | **जम्मा** | **६१** | |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

### ४.२.४ सुकुम्बासी बालबालिकाका अभिभावहरूको धारणा

विद्यालय भर्ना नगरेका सुकुम्बासी बालबालिकाका सन्दर्भमा शोधकर्ताद्वारा उनीहरूका अभिभावकहरूको धारणा बुझ्दा कतिपय अभिभावकले आफूले पनि नपढेकोले छोराछोरीले पनि पढि रहनु पर्दैन भन्नुभयो भने कतिपयले विहान बेलुकाको छाक टार्न मुस्किल परिराखेको वेलामा के ले छोराछोरी पढाउने ? अघाउजी खान दिन त सकिदैन पढाउने कुरा त परै जाओस भन्नुभयो । तर सरकारी तथा गैरसरकारी निकायहरूले आर्थिक सहयोग गरेमा छोराछोरी विद्यालय पठाउने अभिभावक पनि भेटियो भने कतिपयले खोइ पढाउनु पर्छ कि पर्दैन भन्ने थाहा नै छैन जस्तो धारणा राख्नु भयो । उहाँहरूले निम्नशीर्षकमा निम्नअनुसारको धारणा राख्नुभयो । जसलाई तालिका. ११ मा देखाइएको छ ।

तालिका ११ सुकुम्बासी बालबालिकाका अभिभावकहरूको धारणा

| **क्र.सं.** | **विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | उच्च रुची | ८ | ४० |
| २ | मध्यम रुची | ४ | २० |
| ३ | सामान्य रुची | ५ | २५ |
| ४ | रुची नलाग्ने | ३ | १५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अध्ययन गर्दा अभिभावकका अनुसार ४० प्रतिशत उच्च रुची, २५ प्रतिशत सामान्य रुची, २० प्रतिशत मध्यम रुची, १५ प्रतिशत पढाइमा रुची नै नलाग्ने देखिन्छ ।

### ४.२.५ पढाइ प्रति सुकुम्बासी बालबालिकाको रूची

विद्यालयमा भर्ना नै नभएका बालबालिकाहरूसँग प्रत्यक्ष रूपमा भेटी उनीहरूको धारणा लिने क्रममा निम्न शीर्षकहरूमा निम्न किसिमका धारणाहरू उनीहरूले ब्यक्त गरेका थिए । जसलाई तालिका १२ मा देखाइएको छ ।

तालिका १२ पढाइप्रति सुकुम्बासी बालबालिकाको रूचीको धारणा

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उच्च रुची | ७ | ३५ |
| २ | मध्यम रुची | ५ | २५ |
| ३ | सामान्य रुची | ५ | २५ |
| ४ | रुची नलाग्ने | ३ | १५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

सुकुम्बासी बालबालिकाहरूमध्ये मढाइप्रति ३५% को उच्च रूची, २५% को मध्यम रूची, २५% को सामान्य रूची र १५% को रूची नै नलाग्ने पाइयो । यसरी तालिका ११ र तालिका १२ तुलना गर्दा लगभग समानता रहेको छ । पढाइ प्रति बालबालिकाको रूची उच्च रहेको देखिन्छ । यो रूचीलाई मूर्तरूप दिनको लागि दशौं योजना(२०५९/०६४) को लक्ष्य अनुसार आयमूलक जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विद्यालयमा भर्ना नभएका बालबालिकाहरूलाई समेट्नु पर्ने देखिन्छ । साथै "सबैका लागि शिक्षा" कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिन्छ ।

## ४.२.६ पढाइप्रति सुकुम्बासी बालबालिकाको रुची सम्बन्धी समष्टिगत विवरण


यस अर्न्तगत सुकुम्बासी बालबालिकाको पढाइ सम्बन्धमा उनीहरूको साथै उनीहरूका अभिभावकको धारणा के कस्तो छ, त्यसलाई समष्टिगत रूपमा निम्न तालिकावद्ध देखाइएको छ ।

तालिका १३ पढाइप्रति सुकुम्बासी बालबालिकाको रूची सम्बन्धि समष्टिगत विवरण

| **क.सं.** | **रूचीको विवरण** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | उच्च रूची | १५ | ३७.५ |
| २ | मध्यम रूची | ९ | २२.५ |
| ३ | सामान्य रूची | १० | २५ |
| ४ | रूची नलाग्ने | ६ | १५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

चित्र ३ : पढाइप्रति सकुकुम्बासी बालबालिकाको रूची सम्बन्धि समष्टिगत विवरण




पढाइ प्रतिको रूची सम्बन्धमा सुकुम्बासी बालबालिका र तिनका अभिभावकको धारणा सम्बन्धी तालिका ११ र १२ बाट प्राप्त निश्कर्षलाई समष्टिगत रूपमा तालिका १३ मा उल्लेख गरिएको छ । जस अनुसार पढाइ प्रति सुकुम्बासी विद्यार्थीहरूमध्ये ३७.५ प्रतिशतको

उच्च रूची, २५ प्रतिशतको सामान्य रूची, २२.५ प्रतिशतको मध्यम रूची तथा १५ प्रतिशतको पढाइप्रति रूची नै नरहेको देखिन्छ ।

## ४.२.७ कक्षा छाड्ने सुकुम्बासी विद्यार्थीको पढाइ प्रतिको चाहना

सुकुम्बासी बालबालिकाहरू जो विद्यालय जाँदाजाँदै बीचैमा जान छाडेका छन् तिनीहरूको पढाइ प्रतिको चाहना छ, छैन भन्ने सम्बन्धमा उनीहरू स्वयम् र उनीहरूका अभिभावकहरूको धारणालाई यस प्रकार उल्लेख गरिएको छ ।

क) तालिका १४ कक्षा छाड्ने विद्यार्थीका अभिभावकको धारणा

| क.सं. | पढ्ने चाहना | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ११ | ५५ |
| २ | छैन | ४ | २० |
| ३ | पढ्न पाए पढ्थें | ५ | २५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिकामा हेर्दा के देखिन्छ भने ५५% अर्थात अत्यधिक विद्यार्थीको चाहना पढ्ने रहेको देखिन्छ । २५% विद्यार्थीको पढ्न पाए पढ्थे भन्ने चाहना देखियो भने २०% को पढ्ने चाहना छैन भन्ने पाइयो ।

ख) तालिका नं. १५ कक्षा छाड्ने विद्यार्थीको धारणा

| क.सं. | पढ्ने चाहना | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ६ | ३० |
| २ | छैन | २ | १० |
| ३ | पढ्न पाए पढ्थें | १२ | ६० |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७


तालिका १६ कक्षा छाड्ने सुकुम्बासी विद्यार्थीको पढाइ प्रतिको चाहना सम्बन्धी समष्टिगत विवरण

| **क.सं.** | **पढ्ने चाहना** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | छ | १७ | ४२.५ |
| २. | छैन | ६ | १५ |
| ३. | पढ्न पाए पढ्थें | १७ | ४२.५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उक्त तथ्याङ्कलाई निम्नअनुसार वृत चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ४ कक्षा छाड्ने सुकुम्बासी विद्यार्थीको पढाइ प्रतिको चाहना




यसरी तालिका १४ र १५ बाट प्राप्त निश्कर्षलाई तालिका १६ मा समष्टिगत रूपमा उल्लेख गरिएको छ । जस अनुसार ४२.५% बालबालिकाको इच्छा पढ्नेमा रहेको साथै ४२.५% बालबालिकाको इच्छा पढ्न पाए पढ्थे भन्ने पाइयो । सवैभन्दा कम १५% बालबालिकाको भने पढ्ने इच्छा नै नरहेको पाइयो । यसरी तुलनात्मक रूपमा हेर्दा बालबालिकाहरूले रहरले होइन करले विद्यालय छाडेको ठहर्छ । त्यसैले उनीहरूलाई विशेष सहुलियत कार्यक्रमहरू ल्याई पून : विद्यालय प्रवेश गराउन साथै प्रा.वि. उमेर

काटिसकेकाहरूलाई अनौपचारिक शिक्षाको व्यवस्था गरी उनीहरूको शैक्षिक स्तरलाई माथि उकास्नु पर्ने आवश्यक देखिन्छ ।

## ४.२.८ विद्यालय गइरहेका सुकुम्बासी बालबालिकाको विद्यालयमा नियमितता तथा सहभागिता

सुकुम्बासी विद्यार्थीहरू जो विद्यालय गइराखेका छन् उनीहरू नियमित विद्यालय जान्छन्, जाँदैनन्, गृहकार्य गर्छन्, गर्दैनन्, अतिरिक्त क्रियाकलापमा भाग लिन्छन्, लिदैनन्, घरमा पढाइमा ध्यान दिन्छन्, दिदैनन् आदि जस्ता कुराहरूको जानकारी पाउन शोधकर्ताद्वारा सुकुम्बासी विद्यार्थी, उनीहरूका शिक्षक, अभिभावकको धारणा बुझिएको थियो जसलाई निम्नअनुसार तालिकाबद्ध गरिएको छ ।

तालिका १७ सुकुम्बासी विद्यार्थीको धारणा

| **क्र.सं.** | **नियमितता** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | सधै जाने | १३ | ६५ |
| २ | धेरै जसो नजाने | ३ | १५ |
| ३ | कहिले काँही नजाने | ४ | २० |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार ६५% विद्यार्थीहरू सधैं अर्थात नियमित विद्यालय जाने गरेको २०% कहिलेकाही मात्र नजाने गरेको र १५% मात्र धेरैजसो विद्यालय नजाने गरेको पाइयो ।

तालिका १८ शिक्षकको धारणा

| **क्र.सं.** | **नियमितता** | **सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | सधै जाने | १२ | ६० |

| | | | |
|---|---|---|---|
| २ | धेरै जसो नजाने | ३ | १५ |
| ३ | कहिले काँही नजाने | ५ | २५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

तालिका १९ सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

३७

| क्र.सं. | नियमितता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सधै जाने | ११ | ५५ |
| २ | धेरै जसो नजाने | ४ | २० |
| ३ | कहिले काँही नजाने | ५ | २५ |
| | **जम्मा** | **२०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

## ४.२.९ विद्यालय गइरहेका सुकुम्बासी विद्यार्थीको विद्यालयमा नियमितता सम्बन्धि समष्टिगत धारणा


तालिका २०

| क्र.सं. | नियमितता | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सधै जाने | ३६ | ६०.०० |
| २ | धेरै जसो नजाने | १० | १६.६६ |
| ३ | कहिले काँही नजाने | १४ | २३.३४ |
| | **जम्मा** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उक्त तथ्याङ्कलाई निम्नअनुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ५ विद्यालय गइरहेका सुकुम्बासी विद्यार्थीको विद्यालयमा नियमितता सम्बन्धि समष्टिगत धारणा




तालिका १७, १८ र १९ लाई समष्टिगत तालिका २० मा देखाइएको छ । जसबाट सुकुम्बासी विद्यार्थीहरू जो विद्यालय गइरहेका छन्, उनीहरू नियमितता छ, छैन प्रस्ट हुन्छ । उक्त तालिकाबाट सुकुम्बासी विद्यार्थीहरूमध्ये ६०% विद्यार्थी विद्यालय सधैँ जाने, २३.३४% विद्यार्थी कहिले-काही मात्र विद्यालय नजाने र सबैभन्दा कम अर्थात १६.६६% बालबालिका मात्र धेरै जसो विद्यालय नजाने गरेको पाइयो । यसरी के अवगत हुन्छ भने यदि सुकुम्बासी विद्यार्थीहरूले विद्यालयमा जाने वातावरण राम्रो पाएमा उनीहरू प्रायजसो नियमित विद्यालय जाने गरेको पाइयो । त्यसैले उनीहरूलाई विद्यालयमा टिकाइ राख्न तथा प्रा.वि. को पहुँच कायम गराउन सबै पक्षले वेलैमा सचेत हुनुपर्ने देखिन्छ ।



## ४.२.१० लैङ्गीक आधारमा सुकुम्बासी बालबालिकाको विद्यालय उपस्थिती

सुकुम्बासी बालबालिकाको विद्यालयमा उपस्थिती लैङ्गीक हिसावले हेर्दा कक्षा १ देखि कक्षा ५ सम्म प्रत्येक कक्षाका पाँच जनाका दरले एक विद्यालयका २५ गरी जम्मा ७५ जना सुकुम्बासी बालबालिकाको विद्यालयमा उपस्थिती हेरिएको थियो । यसरी ७५ जना बालबालिकामा ४३ जना केटा र ३२ केटी रहेका छन् । केटाहरू विद्यालय खुलेको २४७ दिनमा जम्मा औषत १७९ दिन (७२%) मात्र विद्यालयमा उपस्थित रहेको पाइन्छ भने केटीहरूमा औषत १८९ दिन (७६.५%) मात्र उपस्थिती रहेको पाइयो । लैङ्गीक हिसावले हेर्दा केटीहरूको विद्यालयमा दैनिक उपस्थिती केटाहरूको भन्दा राम्रो पाइयो यसरी केटीहरूलाई अवसर दियोभने लगनशील भएर अध्ययन गर्ने रहेछन् भन्ने कुरा यस अध्ययनबाट स्पष्ट हुन्छ ।

## ४.२.११ विद्यालयमा भर्ना नभएका र बीचैमा कक्षा छाडेका सुकुम्बासी बालबालिकाको अवस्था

यी अध्ययनको लागि लिइएका नमुना अभिभावकहरूका प्रा.वि. उमेरका ९४ जना बालबालिकामध्ये ७१ जना (७५%) बालबालिका मात्र विद्यालयमा सहभागी भएको पाइयो । बाँकी २३ जना भर्ना नै नभएका वा भर्ना भएर बीचैमा विद्यालय छोडेका पाइयो । यस तथ्याङ्कलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २१ विद्यालय भर्ना नभएका र बीचमा नै छाड्का केटा र  केटीको विवरण

| **प्रा.वि. उमेरका तर विद्यालय नगएका बालबालिकाको सङ्ख्या** | | | **भर्ना नभएका बालबालिकाको सङ्ख्या** | | | **विद्यालय गएर बीचैमा छाड्का बालबालिकाको सङ्ख्या** | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | **केटा** | **केटी** | **जम्मा** | **केटा** | **केटी** | **जम्मा** | **केटा** | **केटी** |
| २३ | ८ | १५ | १५ | ४ | ११ | ८ | ४ | ४ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

यसरी हेर्दा सुकुम्बासी बालबालिकामा विद्यालय छाड्ने केटा र केटीको सङ्ख्या बराबर छ भने विद्यालय भर्ना नै नभएकामा केटीको सङ्ख्या अत्यधिक वढी रहेको देखियो । केटीहरूलाई विद्यालयमा भर्ना नै नगरेको पाइयो । माथिको तालिका अनुसार २३ जना बालबालिकामध्ये १५ जना (६५.२%) बालबालिका विद्यालयमा भर्ना नै नभएको पाइएको छ भने त्यसरी नै ८ जना (३४.७%) नभएकामध्ये कतिपय घरायसी कामकाजमा त कतिपय अर्काको घरमा काम गर्न व्यस्त रहेको पाइयो ।

विद्यालयमा सहभागी नभएका बालबालिकाहरूलाई लैङ्गिक हिसावले हेर्दा १५ जना केटीहरू (६५.२%) रहेका छन् भने ८ जना केटाहरू (३४.८०%) रहेका छन् । घरायसी काम, भाइवहिनी हेर्नेकाम, बाबुआमालाई मेलापातमा सगाउने काम धेरैजसो केटीहरूले गर्ने भएकोले उनीहरू विद्यालय नगएको पाइयो ।

## ४.३. सुकुम्बासी बालबालिकाले विद्यालय छाड्नका कारणहरू

प्रा.वि. उमेरका सुकुम्बासी बालबालिकाहरू किन विद्यालय जाँदैनन्, गएपनि तहपूरा नगरी बीचैमा किन कक्षा छाड्छन् । जस्ता कुराहरू पत्ता लगाउन सुकुम्बासी बालबालिका, तिनका अभिभावक तथा शिक्षकबाट प्राप्त प्रा.वि. उमेरका सुकुम्बासी बालबालिकाले विद्यालय नजानु र बीचैमा कक्षा छाड्नुका कारणहरू निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २२ शिक्षक, शिक्षिका, अभिभावक र सुकुम्बासी बालबालिकाबाट प्राप्त विद्यालय नजाने र विद्यालय छाड्ने कारणहरू

| क्र.सं. | विद्यालय नजानु र छाड्नुका कारणहरू | अभिभावकको सङ्ख्या १८ | बालबालिकाको सङ्ख्या ४० | शिक्षकको सङ्ख्या १४ |
|---|---|---|---|---|
| १. | आर्थिक अवस्था | ८ | - | ४ |
| २. | आर्थिक+घरायसी कारण | - | १५ | ७ |
| ३. | घरायसी कारण | २ | - | - |
| ४. | भाइवहिनी स्याहार गर्नुपरेकोले | ४ | ७ | - |
| ५. | बारम्बारको असफलता | १ | ४ | १ |
| ६. | स्वास्थ्यको कारण | १ | ३ | १ |
| ७. | दाइ दिदीको देखासिखी | - | ५ | - |
| ८. | अन्य विविध कारण | २ | ६ | १ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका २२ मा ८ जना अभिभावकको अनुसार आफ्ना छोराछोरीले विद्यालय नजानु वा छड्नुको प्रमुख कारण आफ्नो कमजोर आर्थिक अवस्था भएको जनाएका छन् भने २ जना अभिभावकले घरको कामकाज सघाउनु पर्ने कारण विद्यालय नगएको वताएका छन् । त्यसरी नै ४ जना अभिभावकले भाइवहिनीको हेरचाह गर्नु पर्नाले विद्यालय छाडेको वताएका छन् । परीक्षामा वारम्बार असफल भएर, त्यसैगरी स्वास्थ्य अनुकुल नभएर

आफ्ना छोराछोरी विद्यालय छाडेको २ जना अभिभावकले बताएका छन् भने अन्य कारण बसाइ सराइ, स्थायी वसोवासको अभाव जस्ता कारण देखाउने केही अभिभावक पाइयो ।

माथिको तालिका अनुसार १५ जना सुकुम्बासी बालबालिकाले आर्थिक र घरयासी दुवै विद्यालय छाड्ने र नजानेका प्रमुख कारक तत्व रहेको वताए भने भाइवहिनीको हेरचाह गर्नु परेकोले विद्यालय छाडेको वताउने ७ जना बालबालिका थिए । यसैगरी परीक्षामा असफल भएका कारण ४ जना, खराब स्वास्थ्यको कारणले विद्यालय छाड्ने बताउने ३ जना रहेका थिए । त्यस्तै दाइदिदीको देखासिखीले विद्यालय नगएको वा छाडेको बताउने ५ जना बालबालिका थिए भने अन्य विविध कारणबाट विद्यालय नगएको बताउने ६ जना बालबालिका पाइयो ।

त्यसैगरी माथिको तालिका अनुसार कुल १४ जना शिक्षक शिक्षिकामध्ये ४ जनाले आर्थिक कारणलाई मात्र बालबालिका विद्यालय नजानु वा बीचैमा छाड्नुको कारकतत्व रहेको बताएभने ७ जना शिक्षक शिक्षिकाले आर्थिक र घरायसी कारण दुवै विद्यालय छाड्नु वा भर्ना नहुनुको कारण रहेको बताए । त्यसैगरी बारम्बारको असफलता, स्वास्थ्यको कारण र अन्य विविध कारणले क्रमशः १, १, १ जनाले विद्यालय भर्ना नभएको बताए । पैसा कमाउने काममा लागेर, अन्य विविध कारणमा अभिभावकको बसाइसराइ, विद्यालयको वातावरण, विद्यालयको दूरी मातृभाषाको समस्या आदि पर्दछन् ।

## ४.३.१ विद्यालय नगएका र छाडेका सुकुम्बासी बालबालिकालाई विद्यालयमा सहभागी गराउने उपायहरू

यस अध्ययनको क्रममा विद्यालय नजाने बालबालिकाको रूपमा विद्यालयमा भर्ना नै नभएका र भर्ना भै बीचैमा कक्षा छाडेका विद्यार्थी र तिनीहरूका अभिभावक, शिक्षक र अन्य सम्बन्धित व्यक्तिहरूलाई भराइएको प्रश्नावली अनुसार सबै बालबालिकाहरूलाई पुनः विद्यालय जान मनलागेको तर विभिन्न समस्याले गर्दा विद्यालय नगएको वताए । साथै उनीहरूबाट प्राप्त विद्यालय नगएका र बीचैमा छाडेका सुकुम्बासी बालबालिकालाई विद्यालयमा सहभागी गराई भर्नादर वढाउने तथा कक्षा छाड्ने दर घटाउने उपायहरूलाई निम्नानुसार तालिकावद्ध गरिएको छ ।

तालिका २३ विद्यालय नगएका र बीचैमा छाडेका सुकुम्बासी बालबालिकालाई विद्यालय सहभागी गराउने उपायहरू

| क्र.सं. | विद्यालयमा पुन सहभागी गराउने उपायहरू | बालबालिका (सङ्ख्या ४०) | अभिभावक (सङ्ख्या १८) | शिक्षक (सङ्ख्या १४) | अन्य सम्बन्धि व्यक्तिहरू (सङ्ख्या ५) |
|---|---|---|---|---|---|
| १. | आर्थिक सहयोग | ८ | ४ | ३ | ३ |
| २. | अतिरिक्त समयमा निशुल्क शिक्षा दिएमा | ५ | ३ | २ | ० |
| ३. | शैक्षिक सामग्री, छात्रवृत्ती, पोषक दिएमा | ६ | २ | ४ | १ |
| ४. | स्वास्थ्य राम्रो भएमा | १ | ० | ० | ० |
| ५. | भाइ वहिनी हुर्केपछि | १ | १ | ० | ० |
| ६. | स्थायी वसोवास भएमा | २ | १ | ० | ० |
| ७. | आमाको स्वस्थ्य ठीक भएमा | १ | १ | ० | ० |
| ८. | दाइदिदी विद्यालय गएमा | २ | ० | ० | ० |
| ९. | प्राविधिक शिक्षा दिएमा | ३ | २ | २ | ० |
| १०. | शिशु स्याहार केन्द्र भएमा | ३ | १ | ० | ० |
| ११. | चेतनामूलक कार्यक्रम भएमा | ५ | २ | ३ | ० |
| १२. | शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा | ३ | १ | ० | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **जम्मा** | ४० | १८ | १४ | ५ |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका २३ अनुसार विद्यालयमा सहभागि नभएका ४० जना बालबालिकामध्ये ८ जना आर्थिक सहयोग पाएमा, अतिरिक्त समयमा निशुल्क शिक्षा पाएमा ५ जना, शैक्षिक सामग्री, छात्रवृत्ती, विद्यालयको पोषाक दिएमा ६ जना बालबालिकाले विद्यालय जाने वताए । त्यसैगरी १ जना आफ्नो स्वास्थ्य राम्रो भएमा, १ जना भाइवहिनी हुर्केपछि, स्थायी भएमा २ जना, आमाको स्वास्थ्य ठीक भएमा १ जना, दाइदिदी विद्यालय गएमा २ जना अनि प्राविधिक शिक्षा दिएमा ३ जना बालबालिकाले विद्यालयमा भर्ना हुने वताए । त्यस्तै शिशु स्याहार केन्द्रको स्थापना भएमा ३ जना, चेतनामूलक कार्यक्रम भएमा

५ जना, शिक्षकको भेदभावपूर्ण व्यवहार नभएमा ३ जना बालबालिकाहरूले पुनः विद्यालयमा भर्नाहुने कुरा बताए ।

अभिभावकमध्ये ४ जनाले आर्थिक सहयोगमा जोड दिए भने ३ जनाले अतिरिक्त समयमा निशुल्क शिक्षा दिएमा छोराछोरीलाई विद्यालय पठाउने कुरा जनाए । २ जनाले सम्पूर्ण शैक्षिक लगानी गरिदिएमा, उनीहरूका भाइवहिनी हुर्केपछि पठाउछौ भन्ने १ जनाले राय व्यक्त गर्नुभयो । स्थायी बसोबास भएका आमाको स्वास्थ्य ठीक भएमा, क्रमश : ११ जनाले आफ्ना छोराछोरीको विद्यालयमा भर्ना गर्ने कुरा वताए । त्यसैगरी प्राविधिक शिक्षा दिएमा २ जना, शिशु स्याहार केन्द्र भएमा भाइवहिनीलाई त्यहाँ राखेर विद्यालय पठाउछु भन्ने १ जना अभिभावक पाइयो ।

त्यसैगरी आर्थिक सहयोगमा ३ जना, अतिरिक्त समयमा निशुल्क शिक्षामा २ जना, सम्पूर्ण शैक्षिक लगानीमा ४ जना, प्राविधिक शिक्षामा २ जना र चेतनामूलक कार्यक्रममा ३ जना शिक्षकले जोड दिएको पाइयो ।

अन्त्यमा अन्य सम्बन्धित व्यक्तिहरू जो समाजमा वुद्धिजीवि एवम् बुढापाकाका रूपमा चिनिएका छन् । उनीहरूमध्ये ३ जनाले आर्थिक सहयोगमा, १ जनाले सम्पूर्ण शै. लगानीमा र १ जनाले चेतनामूलक कार्यक्रममा जोड दिएमा यसरी विद्यालयमा भर्ना नहुने र बीचैमा कक्षा छाड्ने बालबालिकाहरूको सङ्ख्या दिनप्रतिदिन नवढ्ने कुरा वताउनु भयो ।

### ४.३.२ विद्यालयमा भर्ना नहुने र कक्षा छाड्ने बालालिकाका अभिभावकको मासिक आय आर्जनको अवस्था

विद्यालयमा भर्ना नभएका साथै भएर पनि बीचैमा कक्षा छाडेका सुकुम्बासी बालबालिका अभिभावकहरूको मासिक आयको विवरणलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २४ विद्यालयमा भर्ना नहुने र कक्षा छाड्ने बालबालिकाका अभिभावकको मासिक आय आर्जनको अवस्था

| क्र.सं. | मासिक आय | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. २,००० भन्दा कम | ६ | ३३.३३ |
| २ | रु. ३,००० भन्दा कम | ४ | २२.२३ |
| ३ | रु. ४,००० भन्दा कम | ५ | २६.६६ |
| ४ | रु. ५,००० भन्दा कम | २ | ११.१२ |
| ५ | रु. ६,००० भन्दा कम | १ | ५.५५ |
| ६ | रु. ६,००० भन्दा कम | ० | ० |
| | **जम्मा** | **१८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार विद्यालयमा भर्ना नहुने र कक्षा छाड्ने बालबालिकाको अभिभावको मासिक आय आर्जनको अवस्थालाई हेर्दा ३३.३३% अभिभावकको रु.२,०००।- भन्दा कम, २६.६६% को रु. ४,०००।- भन्दा कम, २२.२३% को रु. ३,०००।- भन्दा कम, ११.१२% को रु. ५,०००।- भन्दा कम र ५.५५% को रु. ६,०००।- भन्दा कम आम्दानी रहेको देखिन्छ । रु.६,०००।- भन्दा वढी मासिक आय हुने अभिभावक ०% रहेको देखिन्छ । यसबाट सुकुम्बासी बालबालिकाको शिक्षामा प्रत्यक्ष रूपमा प्रभाव परेको देखिन्छ । किनकी अभिभावकको आय न्यून हुँदा सो आयले वर्षभरी खान नपुग्ने भएकोले छेराछोरीलाई

विद्यालयमा भर्ना नगरेको तथा भर्ना भएका बालबालिकाले पनि बीचै कक्षा छाडेको देखिन्छ त्यसैले राष्ट्रिय स्तरमा नै मुख्य रूपले दलित, जनजाति, सुकुम्बासी, महिला तथा पिछडिएका वर्गहरूका लागि गरीबी निवारणका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ । जसका लागि सरकारी, गैरसरकारी लगायत सबै पक्षले आ-आफ्नो ठाउँबाट सहयोग पुऱ्याउनु अत्यन्त आवश्यक देखिन्छ ।

अभिभावकको खानपानको अवस्थाले पनि बालबालिकाहरूको शिक्षामा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । सुकुम्बासी वस्तीमा रहेका कतिपय अभिभावकहरू जसले आफ्ना

छोराछोरीलाई विद्यालय भर्ना गरेका छैनन तथा भर्ना गरिएका बालबालिकाहरूले पनि बीचैमा विद्यालयमा भर्ना गरेका छैनन् तथा भर्ना गरिएका बालबालिकाहरूले पनि बीचैमा कक्षा छाडेका छन् । त्यस्ता अभिभावकहरूको खानपानको अवस्थाको विवरणलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २५ विद्यालय भर्ना नहुने तथा कक्षा छाड्ने बालबालिकाका अभिभावकको खानपानको विवरण

| क.सं. | खान पुग्ने अवधि | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | तीन महिना सम्म | ५ | २७.७७ |
| २. | तीन महिना देखि ६ महिना सम्म | ९ | ५०.०० |
| ३. | ६ देखि ९ महिना सम्म | ३ | १६.६७ |
| ४. | वर्षभरी | १ | ५.५६ |
| | **जम्मा** | **१८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

सुकुम्बासी बालबालिकाका अभिभावकहरूमध्ये ५.५६% अभिभावकको आम्दानीले मात्र वर्षभरी खान पुग्ने देखिन्छ । ३ महिना सम्म २७.७७% अभिभावकहरूको आम्दानीले तीन महिना सम्म, ५०% अभिभावकको आम्दानीले तीन देखि ६ महिना सम्म र १६.६७% अभिभावकको आम्दानीले ६ देखि ९ महिना सम्म खान पुग्ने देखिन्छ ।

यसरी वर्षभरी खान नपुगेको कारणले आर्थिक कार्यमा सहयोग र अतिरिक्त आम्दानी प्राप्त गर्न सुकुम्बासी बलाबालिकाहरू विद्यालय भर्ना हुँदैनन् साथै भर्ना भएकाहरू पनि तह नै पुरा नगरी बीचैमा कक्षा छाड्ने गर्दछन् । सुकुम्बासी अभिभावकहरूको यस्तो आर्थिक सङ्कटले शिक्षामा लगानी गर्ने कुरा त टाढै रहन्छ । समयमा खान नपाउनु तथा पौष्टिक आहारको अभावले उनीहरूको शारीरिक तथा मानसिक विकासमा समेत प्रभाव पर्ने देखिन्छ । विभिन्न संघ संस्थाहरू, सरकारी तथा गैरसरकारी निकायहरूले यसतर्फ वेलैमा ध्यान दिई खाद्यान्यको उचित व्यवस्था मिलाउनुका साथै आर्थिक रूपले पिछडिएका वर्गहरूमा व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने व्यवस्था मिलाई रोजगारीको सु–अवसर प्रदान गर्नु पर्ने देखिन्छ ।

### ४.३.३ विद्यालयमा भर्ना नभएका तथा बीचैमा कक्षा छाडेका बालबालिकाका अभिभावकहरूको शिक्षा प्रतिको धारणा

सुकुम्बासी वस्तीमा रहेका कतिपय अभिभावकहरूले आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना नगर्ने तथा गरेपनि बालबालिकाले बीचैमा कक्षा छाड्ने कारणमा कतै उनीहरूमा भएको शिक्षा प्रतिको धारणाले प्रभाव पारेको त छैन ? भन्ने कुरालाई मध्यनजर गरी यस विषयमा गरिएको स्थलगत सर्वेक्षणबाट निम्नअनुसारको धारणा रहेको पाइयो ।

तालिका २६ सुकुम्बासी अभिभावकको धारणा

| क्र.सं. | धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सकारात्मक | १० | ५५.५५ |
| २ | नकारात्मक | १ | ५.५६ |
| ३ | मिश्रित | ७ | ३८.८९ |
| | **जम्मा** | **१८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार सुकुम्बासी अभिभावकको दृष्टिकोणमा शिक्षाप्रतिको धारणा यस प्रकार रहेको छ । ५५.५५% अभिभावकको धारणा सकारात्मक, ३८.८९% को मिश्रित धारणा र ५.५६% अभिभावकको धारणा नकारात्मक धारणा रहेको देखिन्छ । शिक्षा प्रति

सकारात्मक धारणा राख्ने अभिभावकको सङ्ख्या नै बढी देखिन्छ । यसबाट उनीहरूको शिक्षाप्रतिको धारणा सकारात्मक भएपनि आर्थिक अभावका कारण आफ्ना छोराछोरीलाई विद्यालयमा भर्ना नगरेको तथा गरेपनि बीचैमा कक्षा छाड्ने गरेको देखिन्छ ।

## ४.४. सुकुम्बासी वालवालिकाको विद्यालयमा सहभागिताका समस्याहरू

सुकुम्बासी वस्तीमा रहेका विद्यालयमा भर्ना नभएका तथा भर्ना भएर पनि बीचैमा कक्षा छाडेका बालबालिकाहरू, अभिभावक, प्र.अ. तथा शिक्षकबाट प्राप्त धारणा अनुसार बालबालिकाहरू विद्यालयमा भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्ने कुराको जिम्मेवार पक्षलाई निम्नअनुसार तालिकाबद्ध गरिएको छ ।

तालिका २७ सुकुम्बासी बालबालिकाको विद्यालय सहभागिताका समस्याहरू सम्बन्धि धारणा



| क्र.सं. | जिम्मेवार पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यार्थी स्वयम् | १ | ७.१४ |
| २. | शिक्षक | १ | ७.१४ |
| ३. | विद्यालय | १ | ७.१४ |
| ४. | अभिभावक | ९ | ६४.२८ |
| ५. | समाज | २ | १४.२८ |
| | **जम्मा** | **१४** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार सुकुम्बासी बालबालिकाहरू विद्यालय भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्नेको जिम्मेवार पक्षमा ६४.२८% अभिभावक, १४.२८% समाज, ७.१४% क्रमश : विद्यार्थी स्वयम् विद्यालय तथा शिक्षक रहेको देखिन्छ । यसबाट आर्थिक विपन्नता र रोजगारको अवसरको अभावका कारण बालबालिकालाई विद्यालयमा भर्ना नगर्ने तथा बीचैमा कक्षा छोडाउने कुरामा ६४.२८% अभिभावक नै जिम्मेवार रहेको देखिन्छ ।

### ४.४.१ सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

सुकुम्बासी बालबालिकाहरू विद्यालयमा भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्नेको जिम्मेवारको पत्ता लगाउन सुकुम्बासी बालबालिकाका अभिभावकहरूको धारणा

लिइएको थियो । उनीहरूको धारणा अनुसार सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने तथा भएपनि बीचैमा छाड्नेका जिम्मेवार पक्षलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २८ सुकुम्बासी बालबालिकाका अभिभावकको धारणा

| क्र.सं. | जिम्मेवार पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यार्थी स्वयम् | ४ | २२.२२ |
| २. | शिक्षक | २ | ११.११ |
| ३. | विद्यालय | १ | ५.५६ |
| ४. | अभिभावक | १० | ५५.५५ |
| ५. | समाज | १ | ५.५६ |
| | **जम्मा** | **१८** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उक्त तालिका अनुसार सुकुम्बासी बालबालिकाहरू प्राथमिक शिक्षाको पहुँच बाहिर हुनमा बढी जिम्मेवार पक्ष अभिभावक देखिन्छ । अभिभावकमध्ये ५५.५५% ले आफ्ना कारणले आफ्ना छोराछोरी विद्यालय भर्ना नभएको तथा भएर पनि बीचैमा कक्षा छाडेको बताए । त्यसैगरी विद्यार्थी स्वयम् २२.२२%, शिक्षक ११.११% र समाज ५.५६% र विद्यालय पनि ५.५६% जिम्मेवार रहेको पाइयो ।

### ४.४.२ सुकुम्बासी बालबालिकाको धारणा

सुकुम्बासी वस्तीमा रहेका प्रा.वि. उमेरका सुकुम्बासी बलाबालिकाहरूको धारणा अनुसार उनीहरू विद्यालयमा भर्ना नहुँनाको साथै भएपनि बीचैमा कक्षा छाड्नको जिम्मेवार पक्षलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।

तालिका २९ सुकुम्बासी बालबालिकाको धारणा

| क्र.सं. | जिम्मेवार पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यार्थी स्वयम् | १३ | ३२.५ |
| २. | शिक्षक | ३ | ७.५ |
| ३. | विद्यालय | २ | ५ |
| ४. | अभिभावक | १७ | ४२.५ |
| ५. | समाज | ५ | १२.५ |

| | | | |
|---|---|---|---|
| | **जम्मा** | **४०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार सुकुम्बासी बालबालिकाहरू प्रा.वि. शिक्षाको पहुँचबाट टाढा हुँनमा बढी जिम्मेवार पक्ष अभिभावक नै देखिन्छन् । अर्थात ४२.५% अभिभावकले आफ्ना छोराछोरीलाई प्रा.शिक्षाको पहुँचबाट टाँढा राखेको पाइन्छ । त्यसैगरी विद्यार्थी स्वयम् ३२.५% समाज, १२.५%, शिक्षक ७.५% र विद्यालय ५% जिम्मेवार रहेको देखिन्छ ।

## ४.४.३ सुकुम्बासी बालबालिका विद्यालय नजाने वा गएपनि बीचैमा छोड्नका जिम्मेवार पक्ष सम्बन्धी समष्टिगत विवरण ।

यस अन्र्तगत समष्टिगत रूपमा सुकुम्बासी बालबालिका विद्यालय भर्ना नहुनमा तथा भएपनि तहपुरा नगरी बीचैमा कक्षा छाड्नमा रहेका जिम्मेवार पक्षहरूलाई देखाइएको छ । जसलाई निम्नअनुसार तालिकावद्ध गरिएको छ ।


तालिका ३० सुकुम्बासी बालबालिका विद्यालय नजाने वा गएपनि बीचैमा छाड्नका जिम्मेवार पक्ष सम्बन्धि समष्टिगत विवरण

| क्र.सं. | जिम्मेवार पक्ष | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विद्यार्थी स्वयम् | १७ | २८.३४ |
| २. | शिक्षक | ५ | ८.३३ |
| ३. | विद्यालय | ५ | ८.३३ |
| ४. | अभिभावक | २७ | ४५ |
| ५. | समाज | ६ | १० |
| | **जम्मा** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६७

उक्त तथ्याङ्कलाई निम्नअनुसार वृत्त चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र ६ सुकुम्बासी बालबालिका विद्यालय नजाने वा गएपनि बीचैमा छाड्नका जिम्मेवार पक्ष सम्बन्धि




तालिका २७ र २८ लाई समष्टिगत रूपमा तालिका २९ मा प्रस्तुत गरी अध्ययन गर्दा सुकुम्बासी बालबालिकाहरू विद्यालयमा भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्नेको जिम्मेवार पक्षमा सबैभन्दा बढी ५२.१९% अभिभावक त्यसपछि विद्यार्थी स्वयम् २७.५४% रहेका छन् । त्यसैगरी शिक्षक ८.६९% विद्यालय, ५.७९% जिम्मेवार रहेको देखिन्छ

यसरी सुकुम्बासी बालबालिकाहरू विद्यालय बाहिर रहनुको प्रपुख जिम्मेवार पक्ष अभिभावक नै रहेको पाइयो । त्यसपछि विद्यार्थी स्वयम् पनि रहेको छ । यसबाट चेतनामूलक कार्यक्रम गर्नुपर्ने, निशुल्क शिक्षा प्रदान गर्नुपर्ने । विद्यालयमा आकर्षित गर्न पोषाक, विद्यालय खाजा कार्यक्रम, छात्रवृत्तीको ब्यवस्था गर्नुपर्ने देखिन्छ । सर्वप्रथम आर्थिक स्थिती माथि उठ्ने किसिमका सीपमूलक तालिमहरू निशुल्क उपलब्ध गराई रोजगारीको अवसर सृजना गर्नुपर्ने देखिन्छ । त्यसपछि घरदैलो कार्यक्रम गरी सुकुम्बासी बालबालिका तथा तिनीहरूका अभिभावकहरूलाई शिक्षाको महत्व बुझाउनु पर्दछ । नियमित विद्यालय जाने, नियमित गृहकार्य गर्ने, इमान्दार छात्र/छात्रालाई पुरस्कृत गरिनु पर्दछ । अनिमात्र यस सुकुम्बासी वस्तीमा भएको विद्यार्थी भर्नादर वढाउन तथा पतनदर घटाउन सकिन्छ ।

# परिच्छेद : पाँच

# प्राप्ति, निश्कर्ष र सुझावहरू

## ५.१ प्राप्तिहरू

प्रस्तुत अनुसन्धान कार्यबाट व्याख्या विश्लेषणबाट प्राप्त भएका परिणामहरू यस प्रकार रहेका छन् ।

१. यस जनता सुकुम्बासी वस्तीमा जम्मा १४९२ घरधुरी र त्यहाँ बसोबास गर्ने जनसङ्ख्या ८,००० रहेको छ ।

२. अध्ययन क्षेत्रमा प्रा.वि. उमेरका बालबालिकाहरूको भर्नादर २०६५ सालको भन्दा २०६६ सालमा बढ्दो मात्रामा रहेको छ ।

३. बीचैमा कक्षा छाड्ने दरमा २०६५ सालमा भन्दा २०६६ सालमा वृद्धि भएको छ ।

४. नमुनामा परेका ५० घरमध्ये एकात्मक परिवारका ४४ र संयुक्त परिवारका ६ घर रहेका छन् । संयुक्त परिवारका ७ जना बालबालिकामा ४ जना मात्र विद्यालय गएको पाइयो भने एकात्मक परिवारका ८६ जना बालबालिकामा ६७ जना विद्यालय गएको पाइयो ।

५. सुकुम्बासी बालबालिकाको शिक्षामा बाबुआमाको साक्षरताले ठूलो प्रभाव पारेको पाइयो । बाबुआमा दुवै साक्षर परिवारका ५५ जना बालबालिकामा ४५ जना बालबालिका विद्यालय गएको पाइयो । बालबालिकाको पहिलो पाठशाला घरपरिवार हुने हुँनाले वावुआमा दुवै निरक्षर परिवारका २५ जना बालबालिका मध्ये जम्मा १४ जना बालबालिका मात्र विद्यालय गएको पाइयो ।

६. पेशाको सवालमा नोकरी र वैदेशिक रोजगारीमा गएका अभिभावकका छोराछोरी सत्प्रतिशत नै विद्यालय गएको पाइयो ।

७. ज्याला मजदुरी गर्ने अभिभावकका ६० जना छोराछोरीमा ४० जनामात्र विद्यालय गएको पाइयो ।

८. सुकुम्बासी बालबालिका विद्यालय न कारकतत्त्वहरू आर्थिक कारण, चेतनाको कमी, घरयासी कारण, भाइवहिनी हेर्नु परकाल, बारम्बारको असफलता आदि रहेका छन्

९. सुकुम्बासी बालबालिकाका अभिभावकहरूमध्ये ५८% ले ज्याला मजदुरीलाई आफ्नो जीविकोपार्जनको माध्ययम बनाएका छन् भने बाँकीले खेतिपाती र अन्य पेशा अङ्गालेका छन् ।

१०. सुकुम्बासी बालबालिकाका अभिभावकहरूको आम्दानीबाट बढीमा ३ देखि ६ महिना पुग्ने गरेको छ भने करीब ६% अभिभावकको आम्दानीले वर्षभरी खान पुग्ने गरेको देखिन्छ ।

११. विद्यालयमा भर्ना नहुने तथा बीचैमा छाड्ने बालबालिकाहरूमा धेरैसोको पढ्ने इच्छा रहेको पाइयो ।

१२. सुकुम्बासी बालबालिकाको अभिभावकको मासिक आम्दानी न्यूनमा रु.२,०००/- भन्दा कम द उच्चमा रु.६,०००/- भन्दा कम पाइयो ।

१३. शिक्षा प्रतिको दृष्टिकोणमा ५५.५५% अभिभावकको धारणा सकारात्मक ३८.८९% प्रतिशत अभिभावकको मिश्रित तथा ५.५६% अभिभावकको धारणा नकारात्मक रहेको पाइयो ।

१४. सुकुम्बासी बालबालिकाहरू विद्यालय भर्ना नहुने तथा भएपनि बीचैमा कक्षा छाड्नको जिम्मेवार पक्षमा वढीमा अभिभावक, त्यसपछि विद्यार्थी स्वयम, शिक्षक, विद्यालय तथा समाज रहेको पाइयो ।

१५. प्राथमिक उमेरका सबै सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नभएको पाइयो ।

१६. सुकुम्बासी बालबालिका र अन्य बालबालिका बीचमा शिक्षकद्वारा भेदभावपूर्ण व्यवहार पनि गरिएको पाइयो ।

१७. सुकुम्बासी वस्तीमा केटाको तुलनामा केटी बढी सकृयताका साथ विद्यालय गएको पाइयो ।

## ५.२ निश्कर्ष

सुनसरी जिल्लाको इटहरी न.पा. वार्ड नं. ५ मा रहेको जनता सुकुम्बासी बस्तीमा प्राथमिक विद्यालय उमेरका बालबालिकाहरूको शैक्षिक स्तरलाई हेर्दा २०६५ सालको भन्दा २०६६ सालको कुल भर्नामा कक्षा १ देखि कक्षा ५ सम्म नै वृद्धि भएको राम्रो पक्ष देखियो । त्यसै कक्षा छाड्ने दरमा २०६४ सालमा भन्दा २०६५ सालमा कक्षा १ मा ५ जना घटेको, कक्षा २ मा ७ जना वढेको, कक्षा ३ मा ९ जना घटेको, कक्षा ४ मा ६ जना वढेको तथा कक्षा ५ मा ८ जना वढेको पाइयो । संयुक्त घरपरिवारका भन्दा एकात्मक परिवारका बालबालिका बढी मात्रामा विद्यालयमा सहभागी भएको पाइन्छ ।

सुकुम्बासी वस्तीमा धेरै मानिसहरूले गर्ने पेशा ज्याला मजदुरी रहेको पाइन्छ । अभिभावकको पेशाले पनि उनीहरूका छोराछोरीको शिक्षामा प्रभाव परेको देखिन्छ । विद्यालय बालबालिका भर्ना नहुने तथा भर्ना भएपनि बीचैमा कक्षा छाड्ने कुराको जिम्मेवार पक्ष अभिभावक नै रहेको ठहर्छ । त्यसैले उनीहरूका लागि आयमूलक तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ । भर्ना नभएका तथा कक्षा छाडेकाको पुन : पढ्ने इच्छा देखिन्छ । यो सकरात्मक पक्ष हो । उनीहरूलाई निशुल्क शिक्षा प्रदान गरेमा तथा सामाजिक, आर्थिक स्थितीलाई माथि उकास्ने कार्यक्रमहरू ल्याएमा उनीहरूको विद्यालयमा भर्ना हुने र नियमित विद्यालय जाने सपना पूरा हुन्छ । उनीहरूको शैक्षिक रूचीलाई मूर्तरूप दिन आयमूलक, जीवनोपयोगी, अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी कक्षा छाड्ने तथा प्रा.वि. को उमेर नाघेका बालबालिकालाई समेट्न आवश्यक देखिन्छ । दशौं योजनाद्वारा तय गरिएका आर्थिक रूपले पिछडिएका बालबालिकाहरूको बीचैमा कक्षा छाड्ने प्रवृतिलाई न्यूनीकरण गर्न सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्नुपर्ने देखिन्छ ।

सुकुम्बासी बालबालिकाका अभिभावकहरूमध्ये ५.५५% को आम्दानीले मात्र पुरै वर्षभरी खान पुग्ने गरेको पाइयो । त्यसैगरी ४०% अभिभावकको ज्याला मजदुरीलाई नै आफ्नो जीवकोपार्जनको आधार बनाउने गरेको देखिन्छ । अभिभावकहरूमा कतिपयमा साक्षरताको अभाव देखियो जसले उनीहरूको दयनीय अवस्थाको पुष्टि हुन्छ । उचित सीपको अभावले गर्दा उनीहरूको आर्थिक अवस्था कमजोर भई औपचारिक शिक्षाबाट बन्चित भए तापनि उनीहरूलाई अनौपचारिक वा सीपमूलक शिक्षा प्रदान गर्नु आवश्यक देखिन्छ ।

सुकुम्बासी बालबालिकाको शिक्षा प्रतिको दृष्टिकोणमा ५५.५५% को सकारात्मक, ३८.८९% को मिश्रित तथा ५.५६% को नकारात्मक धारणा रहेको देखिन्छ यसबाट यो स्पष्ट हुन्छ कि सुकुम्बासी बलाबालिकाका अभिभावकहरूमा धेरै जसोको शिक्षाप्रति सकारात्मक सोच रहेको छ ।

सुकुम्बासी बालबालिकाहरूको भर्नादर बढाउन तथा भर्ना भएपनि बीचैमा कक्षा छाड्ने दर घटाउन सर्वप्रथम उनीहरूको आर्थिक स्थितीलाई मजबुत बनाउनुपर्ने, चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने, निशुल्क शिक्षाको व्यवस्था, समुदायमा शिशु स्याहार केन्द्रको व्यवस्था, अतिरिक्त समयमा निशुल्क कक्षा सञ्चालन, सुकुम्बासी

बालबालिका, तिनका अभिभावक तथा शिक्षकले जोड दिइएको पाइन्छ । जसका लागि व्यक्ति, समाज, सरकारी तथा गैरसरकारी निकायहरू, बुद्धिजीविहरू स्वयम् समबन्धित सवैपक्षले आ-आफ्नो ठाउँबाट सकारात्मक प्रयासहरू गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ५.३ सुझावहरू

१. सुकुम्बासी बालबालिकाहरू विद्यालय नजाने सबैभन्दा प्रमुख कारण आर्थिक स्थिति देखिएकोले यसको समाधानको लागि विद्यालयमा पोषाक, कापी, कलम, शैक्षिक शुल्क आदि निशुल्क गर्न सकेमा बढी भन्दा बढी सुकुम्बासी बलाबालिकाहरूलाई विद्यालयमा सहभागी गराउन सकिन्छ ।

२. सुकुम्बासी अभिभावकको स्थायी आम्दानीको स्रोत नभएको कारण उनीहरूलाई सीपमूलक शिक्षा (जस्तै सिलाइ, बुनाइ, कटिङ्ग, विद्युत मर्मत सम्भार, रेडियो, टि.भी. मर्मत) सम्बन्धि सीप सिकाइ आय-आर्जन एवम् रोजगारीको अवसर सृजना गर्नुपर्दछ ।

३. सुकुम्बासी विद्यार्थीहरूलाई विद्यालयमा सहभागी नहुनाको अर्को महत्त्वपूर्णकारण, घरायसी कारण पनि हो । अधिकांश सुकुम्बासी बालबालिकाको अभिभावक ज्याला, मजदूरी वा कामगर्न जानुपर्ने भएको र उनीहरूका छोराछोरीले घरायसी वा सुकुम्बासी वस्तीकमा नै अतिरिक्त कक्षाहरू निशुल्क सञ्चालन गरी उनीहरूलाई शिक्षामा सहभागी गराउनु पर्ने देखिन्छ ।

५. विद्यालय नगएका तथा छोडेका प्रौढहरूलाई अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिन पर्दछ ।

६. सुकुम्बासी वस्तीमा निशुल्क शिशुस्याहार केन्द्रको स्थापना गरी घरमा भाइवहिनी हेर्नुपर्ने बालबालिकालाई पढ्ने अवसर प्रदान गर्नु पर्दछ ।

७. निरन्तर विद्यालय जाने, मेहनत साथ अध्ययन गर्ने, नियमित गृहकार्य गर्ने बालबालिकालाई प्रोत्साहन गर्नुपर्दछ । उनीहरूलाई पुरस्कार दिने अन्य सम्मान गर्ने गर्नाले अरु सुकुम्बासी बालबालिकालाई पनि हौसला मिल्न गै शैक्षिक सहभागितामा वृद्धि हुने गर्दछ । साथै विद्यालय छाड्ने दर घट्ने गर्दछ ।

८. हाम्रो देशले सन् २०१५ सम्ममा सबैलाई शिक्षा पुऱ्याउने योजना बनाएको छ । यसको लागि विभिन्न क्षेत्रमा विभिन्न कार्यक्रम रहेको छ । यस्ता कार्यक्रम सुकुम्बासी वस्ती, दलित एवम् विपन्न वर्ग तथा समुदायमा लक्षित गरी लैजानु पर्दछ । शैक्षिक जनचेतनाको अभिवृद्धि गरी दलित एवम् सुकुम्बासी बालबालिकालाई बढी भन्दा बढी मात्रामा प्राथमिक शिक्षाको पहुँच कायम गराउनु पर्दछ ।

९. सुकुम्बासी बालबालिकाका अभिभावकले अत्यधिक मात्रामा मदिरापान गर्ने तथा जुवातास खेल्ने, घरमा झै भगडा गर्ने हुनाले पारिवारिक तथा सामाजिक वातावरण विग्रीएको छ । त्यसलाई समाप्त पार्न सुकुम्बासी वस्तीमा जुवातास, मदिरापान नियन्त्रण सम्वन्धि जागरण अभियान चलाउनु पर्ने देखिन्छ ।

१०. सुकुम्बासी बालबालिकाको उद्धर गर्न तथा मानविय अधिकारको संरक्षण गर्ने क्रममा सरकारी, गैरसरकारी संघ संस्था तथा अन्तरराष्ट्रि स्तरबाटै सहयोग जुटाउने तर्फ प्रयास हुनुपर्दछ ।

११. स्थानिय निकाय तथा सामाजिक संस्थाले विभिन्न लक्षित समूहलाई सहयोग दिने संस्थाबाट सहयोग मागगरी सुकुम्बासी बालबालिकालाई शिक्षा प्रदान गर्ने कार्यमा लगाउनु पर्दछ ।

१२. जातिय तथा वर्गिय विभेदको अन्त्यगरी सामाजिक रूपमा प्रतिष्ठित एवम् सम्मानजनक जीवनयापन गर्ने स्थितीको सृजना गर्नुपर्दछ । जसले सुकुम्बासी बालबालिकाहरूको विद्यालय सहभागिता वृद्धि भई विद्यालय छाड्ने दर घट्ने गर्दछ ।

१३. सुकुम्बासी बालबालिका विद्यालयमा भर्ना नहुने र भएपनि बीचैमा कक्षा छाड्नेको प्रमुख जिम्मेवार अभिभावक भएकोले सर्वप्रथम अभिभावकलाई विभिन्न सन्देशमूलक कार्यक्रम मार्फत सचेत बनाउनु पर्ने देखिन्छ ।

१४. विद्यालयमा भर्ना नभएका तथा भएपनि बीचैमा कक्षा छोडेका बालबालिका मध्ये धेरैजसो शिक्षाप्रति सकारात्मक सोच रहेको हुँनाले उनीहरूले उचित अवसर सहित निशुल्क शिक्षा पाएमा विद्यालयमा पुनः भर्ना हुने स्थिती देखिन्छ ।

१५. सुकुम्बासी वस्तीमा केटाहरूको तुलनामा केटी बढी नियमित तथा लगनशील भएर विद्यालय गएको पाइएको हुँदा केटीहरूलाई अझबढी शिक्षामा सहभागी गराउन उनीहरूलाई विशेष पुरस्कारको व्यवस्था गर्नुपर्ने देखिन्छ जसले विद्यालय छाड्ने दरलाई समेत घटाउँछ ।

# सन्दर्भसूची


काफ्ले, वासुदेव, विष्ट, मीनबहादुर, सिन्हा रामस्वरूप र श्रेष्ठ चन्द्रबहादुर (२०६०), **शैक्षिक योजना**, काठमाण्डौ, भुँडीपुराण प्रकाशन, बागबजार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५२), **शैक्षिक व्यवस्थापन तथा सङ्गठनात्मक व्यवहार**, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार,भोटाहिटी ।

वाग्ले, मनप्रसाद तथा कार्की उपेन्द्र (२०५२), **शिक्षाका आधारहरू**, काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार,भोटाहिटी ।

अधिकारी, रामप्रसाद (२०६२), बीचैमा विद्यालय छाड्ने बालबालिकाको लागि अनौपचारिक **शिक्षाको माध्यमबाट पुन : विद्यालयमा प्रवेश गराउने कार्यक्रम**, भक्तपुर अनौपचारिक शिक्षा केन्द्र, केदारचन्द्र खनाल र अन्यद्वारा सम्पादित ।

रावल, केशरबहादुर (२०६३) **सार्वजनिक विद्यालयहरूमा प्राथमिक तह अध्ययन गर्ने दलित विद्यार्थीको बीचैमा विद्यालय छोड्नुका कारणहरू एक अध्ययन**, सुर्खेत क्याम्पस ।

चौधरी, वरुणकुमार (२०६५), **मधेली दलित विद्यार्थीहरूले प्राथमिक तह पुरा नगरी बीचैमा कक्षा छोड्नका कारणहरूको अध्ययन**, सुकुना क्याम्पस ।

काफ्ले, वासुदेव तथा अन्य (२०६१), **शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा**, काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार ।

राष्ट्रिय योजना आयोग, नवौं योजना (२०५४-२०५९), **राष्ट्रिय योजना आयोगको सचिवालय,** सिंहदरबार, काठमाण्डौं ।

रा.यो.आ., दशौं योजना (२०५९-२०६४), **रा.यो. आयोगको सचिवालय** सिंहदरवार काठमाण्डौं ।

सुकुम्बासी समस्या समाधान आयोग (२०६६), नापी विभाग सुकुम्बासी समस्या समाधान आयोग केन्द्रिय कार्यलय मिनभवन काठमाण्डौं ।

भण्डारी, मुकुन्दप्रसाद (२०६१), **नेपालमा प्राथमिक शिक्षा** काठमाण्डौं, ज्ञानकुञ्ज प्रकाशन ।

रा.यो.आ. अन्तिरिम योजना, (२०६४-२०६७), **रा.यो.आ. सचिवालय** सिंहदरबार काठमाण्डौं ।

## सुकुम्बासी बालबालि थमिक शिक्षामा पहुँच

## अनुसुची : १

(विद्यालय गएका प्राथमिक उमेरका सुकुम्बासी बालबालिकाका लागि प्रश्नावली)

१) तिम्रो नाम के हो ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

२) तिम्रो विद्यालयको नाम के हो ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

३) तिम्रो विद्यालय आउन जान कति समय लाग्छ ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

४) तिम्रो विद्यालयमा नियमित पढाई हुन्छ ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

५) तिमी सधै विद्यालय जान्छौ ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

६) किन नियमित नगएका त ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

७) तिमी कक्षाकार्य / गृहकार्य सधै गर्छौ ? नगरेको भए किन ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

८) तिमी घरमा पनि पढछौ ? पढछौ भने कति घण्टा पढ्छौ र पढ्दैनौ भने किन ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

## सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच

## अनुसुची : २

(छोराछोरी विद्यालय पठाएका सुकुम्बासी बालबालिकाका अभिभावकको लागि प्रश्नावली)

क) तपाईंको नाम : .... .... .... .... .... .... ........ .... .... .... .... .... ....

ख) उमेर : .... ....  ग) लिङ्गः .... .... ...  घ) जात : .... .... .... ....

ङ) गा.वि.स. / न.पा. .... .... .... .... .... .... ....  च) वार्ड नं. :.... .... ....

१) तपाईंका छोराछोरी कतिजना ? छोरा कति ? छोरी कति ? .... .... .... .... .... .... ....

२) तपाईंका छोराछोरी सबै विद्यालय जान्छन् ? .... .... .... .... .... .... ....

३) कति जना जान्छन् ? .... .... .... .... .... .... ....

४) कति जना जाँदैनन् ? .... .... .... .... .... .... ....

५) तपाईंका छोराछोरी घरमा पढ्छन् कि पढ्दैनन् ? .... .... .... .... .... .... ....

६) तपाईंका छोराछोरी कुन विद्यालय पठाउनु भएको छ ?

क) जनता स्कूल ख) रक्तमाला स्कूल ग) सरस्वती स्कूल

७) तपाईंका छोराछोरी नियमित विद्यालय पठाउनुहुन्छ ?

क) पठाउछु ख) कहिलेकाही पठाउदिन ग) कहिले आफै जादैनन्

८) तपाईं छोराछोरीको पढाइदेखि सन्तुष्ट हुनुहुन्छ ?

क) छु ख) अलिअलि ग) उच्चशिक्षा

९) छोराछोरीलाई पढाउन कस्तो शैक्षिक समस्याको महसुस गर्नुभएको छ ?

क) यातायातको समस्या ख) आर्थिक समस्या ग) समयको अभाव

१०) तपाईंको छोराछोरी पढ्ने विद्यालयमा नियमित पढाइ हुन्छ ?

क) कहिलेकाही ख) हुँदैन ग) हुन्छ



## अनुसुची : ३

विद्यालय भर्ना नभएका सुकुम्बासी बालबालिकाको लागि अन्तरर्वार्ता प्रश्नवाली ।

१) तिम्रो नाम के हो ?.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

२) तिमी कति वर्षका भयौ ? .... .... .... .... .... .... ....

३) तिमी विद्यालय किन नगएका ? .... .... .... .... .... .... ....

४) घरमा के गरेर बस्छौ ? .... .... .... .... .... .... ....

५) घरपरिवारको आम्दानीको स्रोत के हो ? .... .... .... .... .... .... ....

६) के सुविधा पाएमा विद्यालय जान्छौ ? .... .... .... .... .... .... ....

७) तिमी विद्यालय जान चाहन्छौ ?

क) जान्छु　　ख) जान्न　　ग) पढेर काम छैन्

८) विद्यालय जान मन लाग्दैन ।

क) लाग्छ　　ख) लाग्दैन　　ग) कहिलेकाही

९) तिमी विद्यालय नजानुको कारण के हो ?

क) आर्थिक अभाव　　ख) छोरी हुँनाले　　ग) घरायसी कारण

१०) तिमी घरमा के काम गर्छौ ?

क) भाइबहिनी हेर्छु　　ख) ज्याला मजदुरी गर्छु　　घ) घाँस दाउरा गर्छु

११) कस्तो सुविधा पाए विद्यालय जान्थे जस्तो लाग्छ ?

क) यातायातको सुविधा　ख) आर्थिक सुविधा　ग) भेदभावमुक्त शैक्षिक वातावरण

१२) तिमी आफै विद्यालय नगएको कि, वुवाआमाले नपठाएर ?

क) आफै　　ख) वुवाआमाले नजा भनेर　　ग) भोकै के पढ्नु

## सुकुम्बासी बालबालिकाको प्राथमिक शिक्षामा पहुँच

## अनुसुची : ४

छोराछोरीलाई विद्यालय नपठाएका सुकुम्बासी बालबालिकाका अभिभावकको लागि अन्तर्वार्ता प्रश्नावली ।

१) तपाईँका छोराछोरी कतिजना ? छोरा कति ? छोरी कति ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

२) तपाईँका छोराछोरी सबै विद्यालय जान्छन् ? कि जाँदैनन् ?

.... .... .... .... .... .... ........ .... .... .... .... .... ....

३) कितजना जान्छन् ? .... .... ....　४) कतिजना जाँदैनन् ?.... .... .... .... .... ....

४) छोराछोरीलाई किन विद्यालय भर्ना नगर्नुभएको ?

क) भाइवहिनी हेर्नुपर्ने भएकोले        ख) विद्यालय पठाउने चलन नभएकोले

ग) विद्यालयको दूरीका कारणले        घ) अन्य कारणले

५) नगएका भए किन नगएका ?

क) विद्यालय टाढा भएकोले        ख) स्वास्थ्यको कारण

ग) शिक्षकदेखि असन्तुष्ट भएर        घ) पढ्न मन नलागेर

६) विद्यालय भर्ना नभएका छोराछोरीले के काम गर्छन ?

क) घरायसी कामकाज        ख) ज्याला मजदुरी

ग) व्यापार        घ) पेशा/व्यवसाय





## अनुसुची : ५

बीचैमा विद्यालय छाडेका वा छुट्टाइएका बालबालिकाका लागि अन्तर्वार्ता प्रश्नावली

१) तिमी कति कक्षामा पढ्दा पढ्दै विद्यालय छोड्यौ : .... .... .... .... .... .... ....

२) किन विद्यालय जान छाडेका ? .... .... .... .... .... .... ....

३) विद्यालय घरदेखि कति टाढा थियो ? .... .... .... .... .... .... ....

४) आफै विद्यालय नगएका कि वुवाआमाले न जा भनेर ? .... .... .... .... .... .... ....

५) तिमीले विद्यालय छाड्नुको कारण के हो ?

क) वारमवारको असफलता　　　ख) छोरी भएकोले

ग) आर्थिक अभावग　　　घ) घरायसी कारण

६) पुन : विद्यालय जान मन लाग्छ कि लाग्दैन ?

क) वुवाआमाले पठाएमा　　　ख) लाग्दैन

ग) यातायातको सुविधा पाएमा　　　घ) छात्रवृत्ती पाएमा

७) विद्यालय छाडेपछि के काम गर्दैछौ ?

क) घरायसी काम　　　ख) व्यापार　　　ग) ज्याला/मजदुरी　　　घ) अन्य

८) पढनुपर्छ जस्तो लाग्दैन ?

क) लाग्छ　　　ख) लाग्दैन　　　ग) पैसा कमाए पुग्छ　　　घ) भोकै पढेर के काम

९) विद्यालय जान किन मन नलागेको ?

क) आर्थिक अभावले　　　ख) पढ्न मन नलागेकोले

ग) घरको काम गर्नुपरेकोले　　　घ) शिक्षकको भेदभावपूर्ण व्यवहार



# अनुसुची : ६

विद्यालय छाडेका वा छुट्टाइएका बालबालिकाका अभिभावकका लागि अन्तर्वार्ता प्रश्नावली ।

१) सामान्य जानकारी

क) अन्तर्वार्ताको मिति : .... .... .... .... .... .... ....

ख) घरमुलीको नाम : .... .... .... .... .... .... ....

ग) उत्तरदाताको नाम : .... .... .... .... .... .... ....

घ) लिङ्ग : .... .... .... .... .... .... ....

ङ) उमेर : .... .... .... .... .... .... ....

च) गा.वि.स. / न.पा. .... .... .... .... .... . वडा नं. .... .... टोल .... .... .... ....

**२.पारिवारिक तथा शैक्षिक विवरण :**

| क्र. सं. | नाम थार | उत्तरदातासँगको सम्बन्ध | लिङ्ग उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |